
नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२
यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com





Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ असोज १२ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 28 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४१


## पर्सामा नागरिकता लिनेहरूको भीड बढ्दै

प्रस, वीरगंज, ११ असोज/

जिल्ला प्रशासन कार्यालय पर्सामा नागरिकता लिनेहरूको भीड दिन प्रतिदिन बढ्दै गइरहेको छ ।

दैनिक भीड बढ्न थालेपछि कार्यालयलाई व्यवस्थापन गर्न समस्या परेको छ । कर्मचारी अभाव र साँघुरो ठाउँ भएकाले सेवाग्राहीहरू भुइँमा बस्न बाध्य छन् । नागरिकता लिनका लागि टन्टलापुरको घाममा लाइन बस्नेहरूको पसिनाले नागरिकता फाराम भिजेर थप समस्या पर्ने गरेको एकजना सेवाग्राहीले गुनासो गरे ।

निर्वाचन कार्यालयले मतदाता नामावली सङ्कलन शुरू गरेपछि नागरिकता लिनेहरूको अहिले भीड बढेको सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए ।

मतदाता नामावलीमा नाम छुट भएकाहरू अहिले नागरिकता लिन एकसाथ आएपछि भीड बढेको उनले बताए । उनले दैनिक ७०/८० वटा नयाँ नागरिकता र ३०/४० वटा प्रतिलिपि वितरण गर्न भ्याएको बताए । मानिसहरू अत्यधिक आए पनि सेवा सो रूपमा सेवा प्रदान गर्न विभिन्न कारणले समस्या भइरहेको उनले प्रस्ट्याए । सबैले सरल, सहज तरीकाबाट सेवा पाऊन् भन्ने उद्देश्यका साथ सेवा प्रवाहमा गति प्रदान गरिएको पनि उनले बताए ।

मतदाता नामावली सङ्कलन शुरू भएपछि दूधेबालकसहित महिलाहरू पनि नागरिकता लिन जिल्ला प्रशासन कार्यालय पर्सामा आउने गरेका छन् । निर्वाचनमा मत आफ्नो पक्षमा पार्नका लागि गाउँटोलका अगुवा नेताहरूको पहलमा वीरगंज ल्याएर नागरिकता लिन लगाउने र मतदाता नामावलीको लागि आवेदन फाराम भराउने कार्य भइरहेको छ । आफ्नो पक्षमा पार्न नागरिकता लिन छुटेका र मतदाता नामावलीमा नाम नभएकाहरूको गाउँटोलमा खोजी गर्ने अनि जिप्रकामा नागरिकताको लागि आवेदन दिन लगाउनेसम्मको खर्च नेताहरूले नै बेहोर्दै आएको एकजना सेवाग्राहीले बताए । यस प्रकारको सेवा लिनेले सधैं आफूलाई सम्झिने हुनाले सबैजसो लोकप्रिय नेताहरूले कार्यकर्ता परिचालन गरी अहिले यो अभियान चलाएका छन् ।



नागरिकता बनाउन बालबालिकासहित आएका महिलाहरू आराम गर्दै तथा तथा लामबद्ध महिला तथा पुरुष सेवाग्राहीहरू । तस्वीरः प्रतीक

## ट्राफिकद्वारा अवैध असुली

प्रस, वीरगंज, ११ असोज/

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साबाट सुक्खा बन्दरगाहमा खटिएका प्रहरीले सवारीसाधनसँग अवैध रकम असुली गरिरहेको आरोप छ ।

सो क्षेत्रमा खटिएका ट्राफिक प्रहरीले दिएको जिम्मेवारी वहन गर्नुभन्दा विभिन्नखाले बहाना बनाएर सवारी चालकहरूसँग अवैध असुली गरिरहेको गुनासो छ ।

एकीकृत भन्सार जाँच चौकी र सुक्खा बन्दरगाहबाट उद्योगका कच्चा पदार्थ ढुवानी गर्ने सवारीसाधनहरूबाट ट्राफिक प्रहरीहरूले मोटो रकम असुलिरहेको सवारीधनीको गुनासो छ । भारतीय सवारी चालकहरूसँग रहेका कागजपत्र ठीकठाक नरहेको भन्दै अवैध असुली गरिंदैछ भने नेपाली सवारी चालकहरूसँग भारक्षमताभन्दा बढी सामान लोड गरेको भन्दै रकम असुल्ने गरिएको छ । गृह मन्त्रालयले गत वर्ष नै उद्योगका कच्चा पदार्थ बोकेका गाडीहरूलाई औद्योगिक क्षेत्रसम्म जान दिने निर्देशन दिएको थियो ।

गृह मन्त्रालयले कुनै पनि बहानामा उद्योगसम्म जाने सवारीसाधनहरूलाई सो क्षेत्रमा रोकटोक नगरी दुःख नदिन निर्देशन दिए पनि ट्राफिक प्रहरीले भने दुःख दिने गरेको एकजना ढुवानी व्यवसायीले गुनासो गरे । सुक्खा बन्दरगाहदेखि परवानीपुर सडकखण्डमा रहेको बहुअरी चोकमा खट्ने ट्राफिक प्रहरीले सबैभन्दा बढी उद्योगका कच्चा पदार्थ लोड सवारीसाधनहरूलाई दुःख दिने गरेको पाइएको छ । यही कारणले हाल सो क्षेत्रमा सवारी जाम हुने गरेको एकजना चालकले बताए ।

प्रहरी नायब निरीक्षक दीपेन्द्रकुमार साह आफैं खटेर यस प्रकारको गलत कामलाई प्रश्रय दिंदै आएका छन् । औद्योगिक सामान ढुवानी गर्नेहरूले गृह प्रशासनको पत्र देखाउँदा ट्राफिक प्रहरीले भारक्षमताभन्दा बढी भएको र यातायात व्यवस्था कार्यालयमा चलान गर्ने धम्की दिने गरेका छन् । सवारी चालकहरूसँग असुल गरिने रकमको कुनै भरपाई दिने गरिंदैन ।



सुक्खा बन्दरगाह–परवानीपुर सडकखण्डमा लामबद्ध सवारीसाधन । तस्वीरः प्रतीक

## पर्सा काङ्ग्रेसमा पनि चुनावी रन्को शुरू

राधेश्याम पटेल, वीरगंज, ११ असोज/

नेपाली काङ्ग्रेसको अहिले १४औं महाधिवेशनको तयारी शुरू छ । भदौ ५ गतेदेखि ७७ मध्ये ५३ जिल्लाबाट शुरू भएको वडा अधिवेशन अहिले गापा र नपा अधिवेशन भइरहेका छन् । हाल ६४ जिल्लामा अधिवेशन चलिरहेको छ भने १३ वटा जिल्लामा अहिले पनि क्रियाशील सदस्य नामावलीबारे छिनोफानो हुन नसकेर अधिवेशन प्रभावित भएको छ । १३ जिल्लामध्ये प्रदेश २ का पर्सादेखि सप्तरीसम्म आठ जिल्ला र बाँकी प्रदेशका पाँच जिल्लामा अहिले पनि क्रियाशील सदस्य नामावलीमा सहमति हुन नसकेर अधिवेशनमा अन्योलता कायमै छ ।

यसैबीच करीब १२ हजार क्रियाशील सदस्य रहेको पर्सामा चाँडै वडा अधिवेशन शुरू हुँदैछ । एक/दुई दिनमैं पर्साका क्रियाशील सदस्यहरूको नामावली आइसकेपछि वडा अधिवेशन प्रारम्भ हुने जिल्ला सभापति अजयकुमार द्विवेदीले बताएका छन् । उनका अनुसार यसै साता नयाँ तालिका अनुसार वडा, पालिका, प्रदेश निर्वाचन क्षेत्र, सङ्घीय निर्वाचन क्षेत्रको अधिवेशन गर्ने तयारीमा रहेको बताए । सभापति द्विवेदीले पुरानो तालिका संशोधन हुँदै गएको र चाँडै जिल्लामा अधिवेशन शुरू हुने बताए । पर्साका क्षेत्र नं १, २ र ३ मा विवाद सकिएको र अब जिल्ला अधिवेशनतर्फ बढ्ने उनले बताए । पर्साको क्षेत्र नं १ को वीरगंज महानगरका केही वडामा विवाद थियो भने क्षेत्र नं २ का सातवटा वडामा नयाँ सदस्यता कसैलाई नदिने सहमति भएको छ । यसैगरी, क्षेत्र नं ३ मा पुरानै क्रियाशील सदस्यलाई कायम गरी अधिवेशन गर्ने सहमति बनेको छ ।

**सभापतिमा द्विवेदी, कुर्मी, अमात्य र क्षत्रीको चर्चा**

नेपाली काङ्ग्रेस पर्साको सभापतिमा आधा दर्जनभन्दा बढी आकाङ्क्षी देखिए पनि चारजनाको नाम चर्चामा छ । पर्साका विभिन्न वडादेखि पालिका हुँदै जिल्लासम्म हुने छलफल तथा बहसमा वर्तमान जिल्ला सभापति अजयकुमार द्विवेदी, संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्य, पूर्व जिविस सभापति जनार्दनसिंह क्षत्री र नेता रामनारायण कुर्मीको चर्चा छ । जिल्लामा क्रियाशील सदस्यताको नामावली नआएको र महाधिवेशन प्रतिनिधि नचुनिएसम्म जिल्ला सभापतिका उम्मेदवारहरूले सार्वजनिकरूपमा मुख खोलिरहेका छैनन् । उनीहरू अहिले मौन बसेका छन्, यसैले पनि अड्कलबाजी भइरहेको छ । जिल्ला सभापतिको लागि सङ्घीय सांसदको निर्वाचन क्षेत्रमा हुने क्षेत्रीय अधिवेशनबाट चुनिने क्षेत्रीय सभापतिसहित महाधिवेशन प्रतिनिधिमा समावेश २५ जनाले मात्र सभापतिको निर्वाचन लड्न पाउने विधानमा व्यवस्था छ । काङ्ग्रेसका सातवटा प्रदेशस्तरीय अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय अधिवेशन मङ्सिर ९ देखि १३ गतेसम्म सकाउनुपर्नेछ । सो अवधिभन्दा अघि जिल्ला अधिवेशन भएन भने दशैंपश्चात् वा केन्द्रीय अधिवेशनपश्चात् पनि जिल्ला अधिवेशन हुन सक्ने सम्भावना छ । पर्सामा वडा, पालिका, प्रदेश निर्वाचन क्षेत्र, सङ्घीय निर्वाचन क्षेत्र र अन्तिममा जिल्ला अधिवेशन हुने कार्यतालिकामा छ ।

**महानगर सभापतिमा ककसको चर्चा**

नेपाली काङ्ग्रेसको वीरगंज महानगर सभापतिमा यसपालि युवा तथा नयाँ अनुहारले उम्मेदवारी घोषणा गर्ने चर्चा छ । वीरगंज महानगरको नगर कमिटीमा व्यवसायी भोला कलवार, पत्रकार दीपेन्द्र चौहान, मनोहर साह, गजेन्द्र पटेल, जीतेन्द्रपुरुष ढकाल, कालु सिंह, मणिन्द्रलाल नेपालीलगायतको उम्मेवारी हुन सक्ने अड्कल गरिएको छ । पत्रकार चौहानले सोमवार महानगर सभापतिमा आफ्नो उम्मेदवारीको घोषणा गरेका छन् ।



अजयकुमार द्विवेदी



राजेन्द्रबहादुर अमात्य



जनार्दनसिंह क्षत्री



रामनारायण कुर्मी

## प्रदेश २ मा सार्वजनिक बिदा

प्रस, वीरगंज, ११ असोज/

प्रदेश २ सरकारले जितिया पर्वमा महिलाहरूलाई बिदा दिएको छ । प्रदेश नं २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले सोमवार जारी गरेको शुभकामना सन्देशमा सन्तानप्रति आमाको स्नेह झल्काउने जितिया पर्व मनाउने महिलाहरूलाई असोज १३ गते बिदा दिएको उल्लेख गरेका छन् । हिन्दू धर्मावलम्बीहरूले मनाउने पर्व जितियाको प्रदेशभरि नै आस्था र प्रेम कायम रहोस् भन्ने कामना पनि मुख्यमन्त्री गद्दीले गरेका छन् ।


सातौं संविधान दिवस राष्ट्रिय दिवसका रूपमा हर्षोल्लासका साथ मनाऔं, घरघरमा राष्ट्रिय झन्डा फहराइ दीप प्रज्वलन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व मुटु दिवसमा र्‍याली

प्रस, बारा, ११ असोज/

विश्व मुटु दिवसको अवसरमा नारायणी वयोधा अस्पताल वीरगंजको आयोजनामा कलैयामा जनचेतनामूलक कार्यक्रम गरिएको छ ।

विश्व मुटु दिवसलाई मध्यनजर गर्दै वयोधा अस्पतालले २०७८ असोज ६ देखि १३ गतेसम्म विभिन्न ठाउँमा सचेतनामूलक कार्यक्रम "स्वस्थ मुटु सशक्त जीवन" नारासहित कार्यक्रम गरी मनाउँदै आएको अस्पतालका बजार प्रतिनिधि कृष्ण साहले बताए ।

कार्यक्रम अस्पतालका डा मनबोधकुमार साहको अध्यक्षतामा भएको थियो । र्‍याली भरतचोकदेखि शुरू भई बजार परिक्रमा गरी पुनः भरतचोकमा समापन भएको थियो ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा कुल जनसङ्ख्याको ८० प्रतिशत र नेपालमा गरिएको अध्ययन अनुसार दुई तिहाइ नेपाली मुटु, मधुमेह, मिर्गौला, क्यान्सरलगायतका नसर्ने रोगको जोखिमबाट ग्रसित छन् ।

नसर्ने रोगहरूबाट उत्पन्न हुने स्वास्थ्य जटिलता र कुल मृत्युदरमा मुटुरोग प्रमुख कारक तत्त्व रहेको विश्वभरिका अनुसन्धानहरूले देखाएका छन् । मुटुरोगबाट जोगिने प्रमुख उपायहरूमा स्वस्थकर जीवनशैली, सन्तुलित भोजन, प्रशस्त शारीरिक व्यायाम, धुम्रपान र मद्यपान सेवन नगर्ने, दैनिक पाँच ग्रामभन्दा धेरै नून सेवन नगर्ने र नियमित रक्तचाप जाँच गर्ने आदि पर्दछन् ।



## विचारसार र सूक्तिहरू

**शरीर र दिमागलाई क्रियाशील राख्नुस्, उमेरको तनाव आफैं कम हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## चेतना र निरङ्कुशता

**महिला हिंसाको कुरा निकै चल्दछ । परम्परागत समाज व्यवस्थामा महिलाको स्थान पुरुषभन्दा हेय राखिएको र पुस्ता–दर–पुस्ता सोही मानसिकता विकसित हुन गई संस्कारमा परिणत भयो । त्यसैले महिलामैत्री जतिसुकै नियम–ऐन–कानून बनाए पनि महिला हिंसा हट्न सकेको छैन। कानूनले मात्र कुनै पनि प्रकारको हिंसा टार्न सकिन्न। अन्यथा हत्याको बदला हत्या भन्ने कानून छ, हत्या ठहर भएपछि मृत्युदण्ड दिने प्रावधान पनि विश्वका धेरै ठाउँमा छ, तर पनि हत्या–हिंसा रोकिएको छैन । मानिसले जब आफ्नो मानसमा कुनै कुरा गलत हो भन्ने ठान्दैन, कानून मात्रले केही लछार्दैन । बालविवाह, दाइजो प्रथा, महिला हिंसा, बोक्सीजस्ता आरोप हाम्रो समाज लामो समयदेखि विद्यमान छ। र लामो समयदेखि यी कुप्रथाविरुद्ध अभियान चलेकै छ; जतिपटक संविधान बन्दछ, त्यति नै यी नियम–कानूनहरूलाई महिलामैत्री बनाउने दफाहरू थपिंदै पनि गएका छन्, तर समस्या ज्यूँका त्यूँ छ । हिंसामा परेका महिलाहरू आफैं यसविरुद्ध लाग्न नसकेको र अरूले नै गरिदेओस् भन्ने हार–गुहारको भर पर्दा समाज नतातेको हो ।**

**अफगानिस्तानमा भर्खरै तालिबानीहरूले सत्ता कब्जामा लिए । उनीहरू आजभन्दा बीस वर्ष पहिले पनि अफगानी सत्तामा थिए र त्यस बेला महिलालाई घर बाहिर जान रोक लगाउने, बालिकाहरूलाई विद्यालय जान नदिने, आवश्यक कामले घरबाहिर निस्कँदा बुर्का पहिरिनुपर्ने साथमा एकजना बालक नै भए पनि पुरुष साथी हुनुपर्ने कानून नै लागू गरेका थिए । नियमको अवहेलना भएमा बीच बाटोमा त्यस्ता महिलालाई कोर्राले पिट्ने अमानवीय कार्य पनि त्यसताका भएको थियो । तिनैको शासन आएपछि ती नियम पुनः लागू भएको छ । तर यसबीच धेरै परिवर्तन भइसक्यो । धेरै महिलाहरू शिक्षित भए, धेरै विभिन्न जागीरमा लागे । अब एक्कासि फेरि तालिबानीहरूको शासन स्थापित भएपछि त्यही रुढि प्रथा लागू हुँदा महिलाहरूको नैसर्गिक अधिकारको नै हनन भएको छ । तालिबानीहरू जतिसुकै निरङ्कुश भए पनि अफगानिस्तानका महिलाहरूले विरोध गर्न छाडेका छैनन् र सडकमा ब्यानर लिएर उनीहरू यस्ता नियमको धज्जी उडाउँदै नारा लगाइरहेका छन् । सामाजिक सञ्जालहरूमा बुर्का नलगाएर आफ्नो अनुहार देखाएर परोक्षतः तालिबानी नियम कानूनलाई चुनौती दिइरहेका छन् । तालिबानी शासकहरूमा के प्रभाव पर्ला तत्काल भन्न सकिंदैन, तर अन्तर्राष्ट्रिय समुदायले अफगानी महिलाहरूको साथ–सहयोग दिएको छ । निश्चय नै अफगानी महिलाहरूको यस विरोधले तालिबानीहरूलाई सोच्न विवश पारेको छ । विश्व समुदायले पनि तालिबानलाई दबाब दिएको छ ।**

**नेपाली महिलाहरूमा त्यो तदारुकताको खाँचो देखिएको छ । ताक परे परिवारबाट छुट्टिएर पनि अन्यायको विरोध गर्न सकिरहेका छैनन् । सरकार पनि सामाजिक संस्कारकै अनुसरण गरिरहेको छ । 'नियम बनाएकै हो, पालन हुँदैन भने के गर्ने'जस्तो पलायवादी सोच सरकारमा हावी छ । महिलाहरू अधिकारको लागि सङ्घर्ष गर्न नतम्सिने, सरकार यथास्थितिवादी बन्ने, समाजले महिलामाथि आफ्नो वर्चस्व नत्याग्ने अनि नियम–कानूनले के गर्छ ? यसका लागि महिलामा सङ्घर्ष गर्ने आँट र जोश, सरकारले पीडामा परेका महिलाहरूलाई त्वरित न्याय तथा आवश्यक परे, परिवारबाट अलग हुने अवस्थामा रोजीरोटीको व्यवस्था गरिदिने हो भने महिला हिंसामा कमी नआउने कुनै कारण छैन ।**

# ओली भर्सेस माधव नेपाल

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**माधवकुमार नेपालले ठूलो जोखिम लिएका छन् तर उनमा नेतृत्व क्षमता छ, नेपालको राजनीतिमा उनको स्वीकार्यता छ । विदेशीले पनि पत्याएको देखिन्छ । तसर्थ एमालेसँगको प्रतिस्पर्धामा उनी सफल हुने सम्भावना देखिन्छ तर चुनौती भने कम छैन ।**

नेपालको विगत तीन दशक लामो राजनीतिक इतिहासमा सबैभन्दा बढी सम्मानित, स्वीकार्य एवं अडान भएका कोही जीवित नेता हुन् भने ती माधवकुमार नेपाल नै हुन् । विपरीत परिस्थितिमा पनि हिम्मत नहार्ने र आफ्नो राजनीतिक अडानबाट तिलबराबर पनि पाइला पछाडि नहटाउने छविका कारण नै उनलाई दोस्रो गिरिजाप्रसाद कोइराला पनि मानिन्छ । करीब १५ वर्षसम्म जुन नेकपा एमालेको उनले नेतृत्व गरेका थिए, आज त्यही पार्टीलाई परित्याग गरी नयाँ पार्टी खोल्नुपर्दा मनमा चोट त अवश्य नै पुगेको हुनुपर्छ । तर मानसम्मान पाउन नसक्ने र अपमानित भएर बसिरहनुपर्ने अवस्था उत्पन्न भएमा त्यसलाई परित्याग गर्नु नै उपयुक्त मानिन्छ । नेकपा एमालेमा भएको यो विभाजन बाध्यताको उपज हो, तर आवश्यकताका कारण पनि । केपीशर्मा ओली नेतृत्वको नेकपा एमाले र माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीमध्ये कुन पार्टीले नेपाली जनताको सहयोग, समर्थन र विश्वास बढी जित्ने हो, त्यसको परिणामका निम्ति त आउँदो चुनावसम्म पर्खनु नै पर्‍यो तर यो प्रतिस्पर्धा बराबरीको हुने अथवा माधवकुमार नेपालकै नेतृत्वले बढी सफलता हासिल गर्ने सम्भावना देखिन्छ ।

विसं २०५० जेठ ३ गते अप्रत्याशित जीप दुर्घटनामा तत्कालीन महासचिव एवं जनप्रिय नेता मदनकुमार भण्डारी तथा पार्टी सङ्गठन विभाग प्रमुख जीवराज आश्रितको निधन हुँदा पार्टीमाथि भएको ब्रजपातलाई सहन गर्नु सजिलो कुरा थिएन । त्यति बेला देशमा नेपाली काङ्ग्रेसको बहुमतको सरकार थियो । एकातिर नेताहरूको आकस्मिक निधनका कारण पार्टी पङ्क्तिलाई संयमित एवं अनुशासित बनाइनुका साथै उत्साह बढाउनु थियो भने अर्कोतिर नेपाली काङ्ग्रेस जस्तो साढे चार दशक पुरानो राजनीतिक पार्टीसित हरेक मोर्चामा सोझो प्रतिस्पर्धा गर्नु पनि थियो । तर उनले हरेस खाएनन् र आफू पार्टी महासचिव भएको डेढ वर्षमैं पार्टीलाई प्रतिनिधिसभामा देशको ठूलो राजनीतिक पार्टीको रूपमा स्थापित गराए । नेकपा एमालेको नौ महीने शासनकालमा माधवकुमार नेपाले आफूसित प्रतिरक्षा र परराष्ट्र मामिला मन्त्रालय राखेका थिए । एमालेको नौ महीने सरकारलाई विश्वजगत्ले बढी उत्साहको रूपमा लिएको थिएन । शायद त्यही भएर खासै समर्थन पनि गरेको थिएन । तर आफूलाई सहयोग नगर्ने राष्ट्रहरूका विरुद्धमा उनले एक शब्द पनि खर्च गरेनन् । 'आफ्नो गाउँ आफैं बनाउँ' अन्तर्गत प्रत्येक गाविसहरूलाई बर्सेनि ३० लाख रुपैयाँ विनियोजन गर्नु अप्रत्याशित पाइला थियो । यसले गर्दा गाउँघरमा ससाना विकास निर्माणका कामहरू पनि हुन थाले भने अर्कोतिर ज्येष्ठ नागरिक, विधवा, अपाङ्ग, असहायले पनि सामाजिक सुरक्षा भत्ता पाउन थालेका कारण अब तिनीहरूको जीवन पनि सार्थक हुन थाल्यो । क्रमशः यसमा वृद्धि हुँदै अहिले सामाजिक सुरक्षा भत्ताको रकम केही हदसम्म सम्मानजनक हुन गएको छ । अवश्यमेव यो माधवकुमार नेपालको समाजका कमजोर एवं गरीब वर्गको निमित्त देखाइएको सदाशयताको परिणाम थियो । सामाजिक सुरक्षा भत्ताको रकम कति हो, त्यो महत्त्वपूर्ण प्रश्न होइन, भत्ता पाउनु महत्त्वपूर्ण कुरा हो । नेकपा एमालेको नौ महीने शासनकालमा ल्याइएका कतिपय उल्लेखनीय कार्यहरूको चारैतिर प्रशंसा भइरहेको थियो । सम्भवतः त्यसैलाई आधार मानेर नेकपा एमालेको सरकारले नौ महीनापछि प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनको मितिसमेत तोक्ने काम गर्न सकेको थियो तर प्रमुख प्रतिपक्षीहरूले सम्भावित पराजयको समीक्षा गरी एमालेको सरकारलाई हटाउन खोजे । सर्वोच्च अदालतको फैसलाका कारण आखिर त्यो सरकारको पतन पनि भयो र विघटित प्रतिनिधिसभा पुनः अस्तित्वमा आयो । प्रतिनिधिसभा पुनर्स्थापित भएपछि नयाँ सरकारको गठन र विघटनका निम्ति भएका केही गलत अभ्यासहरूले संसदीय व्यवस्थालाई कलङ्कित बनाउने काम पनि गरेको थियो तर माधवकुमार नेपाल यस खेलमा कहिल्यै आरोपित भएनन् ।

विसं २०५५ सालतिर माधवकुमार नेपालसामु एउटा गम्भीर आन्तरिक चुनौती उत्पन्न भएको थियो । जतिबेला पार्टीका वरिष्ठ नेता वामदेव गौतम, राधाकृष्ण मैनाली, चन्द्रप्रकाश मैनाली, केशवलाल श्रेष्ठ, राजेन्द्र श्रेष्ठ, सहाना प्रधानलगायतका एक/डेढ दर्जन चर्चित एवं वरिष्ठ नेताहरूले पार्टीलाई विभाजित गरी नेकपा मालेको गठन गरेका थिए । केही समयको निम्ति त विभाजित समूहले गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिमण्डलमा ठाउँ पनि पाएको थियो । तर यसको खासै प्रभाव जनतामा पर्न सकेन । २०५६ सालमा भएको आमनिर्वाचनमा सहाना प्रधान, वामदेव गौतम, मैनाली बन्धुसहित पार्टीका प्रायः सबैजसो नेता पराजित भए । जबकि माधवकुमार नेपालले नेतृत्व गरेको नेकपा एमाले छ दर्जनभन्दा बढी सिट जित्न सफल रहेको थियो । त्यो एक किसिमले माधवकुमार नेपालको कुशल नेतृत्व क्षमताको उपलब्धि थियो । नेकपा माओवादीको दश वर्षे सशस्त्र सङ्घर्षताका जतिबेला उनकै पार्टीका नेताहरू पनि माओवादीलाई सत्तोसराप गरिरहेका थिए र कतिपय ठाउँमा एमालेका कार्यकर्ताले ज्यान पनि गुमाउनुपर्‍यो तर माधवकुमार नेपालले मनमा प्रतिशोधको भावना नराखी लखनउ एवं सिलिगुडीसम्म पुगेर विद्रोही माओवादीका नेताहरूलाई भेट्न गएका थिए । त्यति बेला माओवादी पार्टीलाई सम्झाइबुझाइ देशको राष्ट्रिय राजनीतिको मूलधारमा आउन आग्रह गर्नु भनेको देशमा स्थायी शान्ति एवं राजनीतिक स्थायित्व कायम गर्न चाहनु हो । यसको निम्ति उनले देशभित्र आलोचना पनि खेप्नुपर्‍यो ।

२०५९ असोजको घटनापछि देशमा राजा ज्ञानेन्द्रको विरोधमा जारी आन्दोलनमा पनि नेकपा एमालेको भूमिका महत्त्वपूर्ण थियो । २०६२ मङ्सिरमा नयाँ दिल्ली सम्झौतामा भएको १२ बुँदे सम्झौताका कारण देशमा स्थायी शान्ति बहाली तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको निम्ति आधार तयार भएको थियो । आखिर माओवादी पनि देशको राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भयो नै ।

जनान्दोलन–२ को सफलतापश्चात् देशको राजनीतिमा व्यापक परिवर्तन भयो । २४० वर्ष पुरानो राजतन्त्रको अन्त भयो भने देशले समावेशिताको सिद्धान्तलाई आत्मसात गर्‍यो । धर्मनिरपेक्षता पनि देशमा कायम भयो भने नागरिकता समस्याको पनि समाधान भयो । सात दल एवं प्रमुख घटक दलका महासचिवको नाताले माधवकुमार नेपालको त्यस अग्रणी भूमिकालाई देशको इतिहासले कहिल्यै बिर्सन सक्नेछैन ।

संविधानसभाको पहिलो निर्वाचनमा पहाडी क्षेत्रमा नेकपा माओवादी र तराई–मधेसमा मधेसी दलको पक्षमा व्यापक जनलहर उब्जिएको कारण नेकपा एमाले र नेपाली काङ्ग्रेस दुवैले अप्रत्याशित पराजय भोग्नुपर्‍यो । पराजयको नैतिक जिम्मेवारी आफ्नो काँधमा लिई माधवकुमार नेपालले पार्टी नेतृत्वको पदबाट राजीनामा दिनुभयो । यद्यपि काठमाडौं–२ र रौतहट–६ बाट पराजित हुनुलाई देशका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहालको आग्रहमा संविधान निर्माण कार्यलाई पूर्णता प्रदान गर्न सर्वसम्मतिबाट संविधानसभामा ल्याइ मस्यौदा समितिको संयोजक बनाउने काम भयो तर परिस्थितिले उनलाई प्रधानमन्त्री बन्ने अवसरसमेत प्रदान गर्‍यो । दोस्रो संविधानसभाबाट संविधानको निर्माण पनि भयो र संविधान कार्यान्वयन पनि भइरहेको छ ।

२०७४ सालको आमनिर्वाचनमा नेकपा एमालेले ऐतिहासिक सफलता हासिल गर्‍यो र पार्टी अध्यक्ष केपीशर्मा ओली देशका प्रधानमन्त्री बनाइए । उनी प्रधानमन्त्री भएपछि नयाँ–नयाँ व्यक्ति र सत्तासँग अवसरवादी तत्त्वहरू स्वतः नै टाँसिन पुग्छन् । प्रधानमन्त्री ओलीलाई अवसरवादी र नयाँनयाँ सल्लाहकारहरूले अनावश्यकरूपमा महिमा वर्णन गर्दै उनलाई देवता बनाइदिएका थिए । ओलीलाई बाहेक अरूलाई महत्त्व नै दिन छाडे फलस्वरूप पार्टीभित्र असन्तोष फैलिन थाल्यो । माधवकुमार नेपाल र झलनाथ खनाल पटक–पटक अपमानित हुन पुगे । बाध्य भएर पार्टीका वरिष्ठ नेताहरूले नयाँ पार्टी खोल्नुको विकल्प देखेनन् । ओली सरकारको कामकाजका कारण पनि जनतामा पार्टीको छवि धूमिल हुँदै गएको थियो । अब जबकि माधवकुमार नेपालले आफ्नै नेतृत्वमा नयाँ पार्टीको गठन गरिसकेका छन् र ओली समर्थक सबै मुख्यमन्त्रीलाई पदबाट हटाउन सफल पनि भइसकेका छन् । माधवकुमार नेपालको निम्ति नयाँ चुनौती भनेको ती प्रदेशहरूमा आफ्नो पार्टीको बहुमतको सरकारलाई पुनः काबिज गराउनु हो, जुन चुनावबाट मात्र सम्भव छ । प्रदेश २, ३, ५ र सुदूरपश्चिममा माधवकुमार नेपालको पार्टीले राम्रो प्रदर्शन गर्ने अपेक्षा छ । माधवकुमार नेपालले ठूलो जोखिम लिएका छन् तर उनमा नेतृत्व क्षमता छ, नेपालको राजनीतिमा उनको स्वीकार्यता छ । विदेशीले पनि पत्याएको देखिन्छ । तसर्थ एमालेसँगको प्रतिस्पर्धामा उनी सफल हुने सम्भावना देखिन्छ तर चुनौती भने कम छैन ।

# अझै नागरिकको पहुँचमा पुग्न सकेन सूचनाको हक

काठमाडौं, ११ असोज/रासस

सूचनाको हकसम्बन्धी ऐन लागू भएको १४ वर्ष हुँदासमेत सूचनाको हकको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार नेपाली नागरिकको सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नका लागि गठन गरिएको स्वतन्त्र राष्ट्रिय सूचना आयोग गठन भएको १३ वर्ष हुँदा पनि नागरिकले सूचना पाउने वातावरण बन्ने अवस्था छैन ।

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्थाबमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिको विवरण तीन/तीन महीनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । तर स्वतः प्रकाशन गर्नुपर्ने सूचना माग गर्दा पनि सार्वजनिक निकायले सूचना दिन आनाकानी गर्दै आएका छन् ।

सूचना पाउन अझै सहज नभएको र सूचना मागकर्तालाई अनावश्यक दुःख दिने गरिएको भन्दै सरोकारवालाले आयोगबाट गरिने निर्णयलाई छिटोछरितो बनाउनुपर्ने र स्थानीय तहमा सूचनाको हकबारे आयोगबाट प्रवर्द्धनात्मक कार्यलाई प्राथमिकता दिनुपर्ने मागसमेत गर्दै आएका छन् । कानूनी व्यवस्थाको कार्यान्वयन गर्दै त्यसलाई अझै नागरिकमैत्री बनाउँदै आयोगलाई प्रदेश र स्थानीय तहसम्म पुर्‍याउनुपर्ने, सूचना पाउने प्रक्रिया लामो रहेकाले नियमावली संशोधन गर्नुपर्ने सरोकारवालाको भनाइ छ ।

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था छ । संवैधानिक मौलिक हकको कार्यान्वयनका लागि जारी गरिएको सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा प्रत्येक नेपालीलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी कानूनीरूपमा प्रत्याभूत गरिएको छ । राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुल्ला र पारदर्शी बनाइ नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने उद्देश्यले सरकारले विसं २०६४ साउन ५ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ ल्याएको थियो ।

सन् १७६६ को डिसेम्बर २ मा स्वीडेनको संसद्बाट प्रेस तथा सूचनासम्बन्धी विधेयक पारित भएको थियो । यो नै सूचनाको हकसम्बन्धी पहिलो कानून हो । हाल विश्वका ५० भन्दा बढी देशमा सूचनाको हकलाई संविधानमा नै व्यवस्था गरी संवैधानिक हकको रूपमा व्यवस्था गरिएको छ । हाल करीब ९० देशले ऐन, नियममार्फत सूचनाको हकको कार्यान्वयन गर्दै आएका छन् । विसं २०४६ को राजनीतिक परिवर्तनपछि निर्मित नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा सूचना प्राप्त गर्न पाउने नागरिकको सूचनाको हकको अधिकारबारे उल्लेख गरिएको छ । २०६२/६३ को राजनीतिक परिवर्तनपछि मात्रै त्यसको कानूनी र व्यावहारिक कार्यान्वयन हुन थालेको हो । विसं २०६४ मा जारी नेपालको अन्तरिम संविधानको धारा २७ मा सूचनाको हकलाई नागरिकको मौलिक हकका रूपमा व्यवस्था गरिएको थियो ।

युनेस्को महासभाले सन् २०१५ सेप्टेम्बर २८ मा घोषणा गरेपश्चात् सूचनाको सर्वव्यापी पहुँचसम्बन्धी दिवसका रूपमा मनाउन शुरू गरिएको हो । संयुक्त राष्ट्रसङ्घको महासभाले पनि गत वर्ष अर्थात् १५ अक्टोबर २०१९ मा सेप्टेम्बर २८ लाई प्रत्येक वर्ष सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । त्यस अर्थमा यो संयुक्त राष्ट्रसङ्घले घोषणा गरेपश्चात् नेपालमा दोस्रोपटक भोलि मङ्गलवार यो दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# लक्ष्य अनुसार नै कोरोनाको खोप पुग्दै, नेपाल सार्कमा चौथो

–शरद शर्मा

काठमाडौं, ११ असोज/रासस

सरकारले अघि सारेको लक्ष्य अनुसार नै कोरोना भाइरसविरुद्ध खोप लक्षित वर्गमा पुग्ने देखिएको छ । सरकारले असोज मसान्तसम्म लक्षित वर्गको एकतिहाई जनसङ्ख्यालाई खोप लगाउने लक्ष्य राखेको थियो । सोही अनुसार अहिलेसम्म ३० प्रतिशतलाई पहिलो मात्रा र २८ प्रतिशतलाई पूर्ण मात्रा खोप लगाइसकिएको छ ।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखा प्रमुख सागर दाहालले लक्ष्य अनुसार असोज मसान्तसम्म लक्षित वर्गलाई खोप लगाइसक्ने जानकारी दिए। "हामीले असोज मसान्तसम्म लक्षित वर्गको ३३ प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने भनेका थियौं–उनले भने–"सोही अनुसार हामीले दैनिक खोप अभियान सञ्चालन गरिरहेका छौं । असोज मसान्तसम्म ३३ प्रतिशतलाई खोप पुऱ्याउँछौं ।"

प्रधानमन्त्री शेरबहादुर देउवाले असार २९ मा आफू नियुक्त भएलगत्तै कोरोना भाइरसविरुद्ध खोपलाई सरकारले पहिलो प्राथमिकतामा राख्ने र आसोज मसान्तसम्म ३३ प्रतिशतमा खोप पुऱ्याउने घोषणा गरेका थिए । सोही अनुरूप सरकारले अनुदान प्राप्त हुने देशबाट अनुदान तथा चीन र भारतबाट खरीद गरेर पनि खोप ल्याउने नीति लिएको हो ।

सरकारले १८ वर्ष भन्दामाथिका ७१.६ प्रतिशत अर्थात् कुल दुई करोड १७ लाख ५६ हजार ७६३ जनालाई खोप लगाउने लक्ष्य राखेको छ । सरकारले आगामी असोजसम्म लक्षित वर्गको ३३ प्रतिशत, पुस मसान्तसम्म दुईतिहाई र चैत मसान्तसम्म लक्षित सबैलाई खोप लगाइसक्ने जनाएको छ। पहिलो चरणको अर्थात् असोज मसान्तसम्मको लक्ष्य पूरा हुन लागेकोले खोपको आगामी अरू लक्ष्य पनि पूरा हुने देखिएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कम्तीमा ६० प्रतिशत जनसङ्ख्यालाई खोप लगाएमा रोग नियन्त्रण गर्न सकिने जनाइएको छ। खोप अभियानकै क्रममा मन्त्रालयले अहिले पनि भेरोसेलको पहिलो मात्रा खोप अभियान सञ्चालन भइरहेको छ । अहिले दैनिक एक लाखभन्दा बढी जनाले खोप लगाइरहेका छन् ।

अहिलेसम्म पूर्वरूकुम, मनाङ र मुस्ताङका सबै लक्षित समुदायले पूर्ण मात्राको खोप लगाइसकेका छन्। उनका अनुसार कुल जनसङ्ख्याको २२ प्रतिशतले पहिलो र २० प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन्। अहिले ६६ लाख नौ हजार २३३ ले पहिलो र ६० लाख ३६ हजार ४०१ जनाले पूर्ण मात्रा गरी कुल एक करोड २६ लाख ४५ हजार ६३४ जनाले खोप लगाइसकेका छन् ।

खोप अभियान अन्तर्गत सबैले खोप लगाउन थालेपछि सङ्क्रमण पनि घट्दै गइरहेको छ। आइतवार १३ हजार ७३६ जनामा कोभिड–१९ परीक्षण गर्दा ८३४ जनामा सङ्क्रमण देखिएको छ। अहिले परीक्षण गरिएकामध्ये करीब १२ देखि १५ प्रतिशतमा सङ्क्रमण देखिएको छ ।

अहिलेसम्म नेपालमा सङ्क्रमणको दर १९ प्रतिशत रहेको छ । नेपालमा पहिलोपटक सङ्क्रमण देखिएको एक वर्षपछि नेपालमा खोप लगाइएको थियो। नेपालमा पहिलोपटक २०७६ माघ ९ गते सङ्क्रमण देखिएको थियो । सरकारले गत माघ १४ गतेदेखि खोप लगाउन शुरू गरेयता सात महीनामा यही भदौ १६ गते नै एक करोड ९२ हजार १६४ सर्वसाधारणले खोप लगाएका थिए ।

### कुन जिल्लामा कतिले खोप लगाए

सबभन्दा बढी काठमाडौं उपत्यकामा जनसङ्ख्यालाई खोप लगाइएको छ । काठमाडौं जिल्लामा पहिलो ५० प्रतिशत र दोस्रो ४९ प्रतिशत जनसङ्ख्यालाई, ललितपुरमा पहिलो ५० प्रतिशत जनसङ्ख्या र ४५ प्रतिशत पूर्ण मात्राको खोप लगाइसकेको छ ।

यस्तै भक्तपुरमा ४१ प्रतिशतलाई पहिलो मात्रा खोप र ४६ प्रतिशतलाई पूर्ण मात्राको खोप लगाइसकेको छ । उपत्यकापछि सबभन्दा बढी रसुवामा खोप लगाइएको छ । रसुवामा पहिलो मात्रा ५६ प्रतिशत र पूर्ण मात्रा ४७ प्रतिशतलाई लगाइएको छ। यस्तै काभ्रेमा ३७ प्रतिशत पहिलो र ३१ प्रतिशत पूर्ण मात्रा, रामेछाप २६ प्रतिशत पहिलो र ३६ प्रतिशत पूर्ण मात्राको खोप लगाइएको छ ।

यस्तै कास्कीमा पहिलो मात्रा २५ प्रतिशत जनसङ्ख्या र पूर्ण ३१ प्रतिशतलाई, लमजुङमा पहिलो ३० प्रतिशत र पूर्ण मात्रा २९ प्रतिशतलाई लगाइएको छ । स्याङ्जामा पहिलो ३२ प्रतिशत र पूर्ण मात्रा २८ प्रतिशत, पर्वत पहिलो २३ प्रतिशत र पूर्ण मात्रा २५ प्रतिशतलाई खोप लगाइसकेको जनाइएको छ ।

### कुन प्रदेशमा कतिले खोप लगाए

मन्त्रालयका अनुसार सबभन्दा बढी वाग्मती प्रदेशमा खोप लगाइएको छ । वाग्मती प्रदेशमा पहिलो ३६ प्रतिशत र पूर्ण मात्रा ३४ प्रतिशत जनसङ्ख्यालाई खोप लगाइएको छ । गण्डकी प्रदेशमा पहिलो र पूर्ण मात्रा खोप २४/२४ प्रतिशत जनसङ्ख्यालाई, लुम्बिनी प्रदेशमा पहिलो १९ प्रतिशत र पूर्ण मात्रा १७ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा पहिलो १८ प्रतिशत र पूर्ण मात्रा १७ प्रतिशतलाई खोप लगाइसकेको छ ।

यस्तै प्रदेश नं १ मा १८ प्रतिशतले पहिलो र १५ प्रतिशतले पूर्ण मात्रा र प्रदेश नं २ मा १५ प्रतिशतले पहिलो र १३ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन्। मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले मुलुकभरि विशेष क्षेत्रमा काम गर्ने सबैजसोलाई खोप लगाइसकेको जानकारी दिए ।

"हामीले लक्ष्य अनुसार सबैलाई खोप लगाइसकेका छौं"–उनले भने–"सबै नागरिकलाई खोप दिने लक्ष्यसहित काम भइरहेको छ ।" शुरूमा ६५ वर्षभन्दा माथिका र स्वास्थ्यकर्मी, अस्पतालमा काम गर्ने सरसफाइकर्मी, कोभिड–१९ विरुद्ध रोकथाम र नियन्त्रणमा अग्रपङ्क्तिमा रहेर काम गर्ने व्यक्तिबाट शुरू गरिएको खोप अहिले ५० वर्षमाथिका प्रायः सबैलाई दिइसकेको थियो ।

मन्त्रालयले यही असोज ४ गतेदेखि १४ गतेसम्म ताप्लेजुङ, सँखुवासभा, सोलुखुम्बु, रसुवा, जुम्ला, मुगु, हुम्ला, डोल्पा, बाजुरा र दार्चुला जिल्लामा १८ वर्षभन्दा माथिका सबैलाई भेरोसेल खोपको पहिलो मात्रा लगाइँदै छ ।

यस्तै काभ्रे र चितवनमा पनि १८ वर्षभन्दा माथि छुटेका विद्यार्थी र ३५ वर्षमाथिका सबैलाई र काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, रामेछाप, सर्लाही र अछाम जिल्लामा ४० वर्षमाथिका खोप लगाउन बाँकी र १८ वर्षमाथिका खोप लगाउन छुटेका विद्यार्थीलाई खोप लगाइँदै छ ।

नेपालमा अहिले कोभिशिल्ड, भेरोसेल, जोन्सन एन्ड जोन्सन, एस्ट्राजेनिका खोप लगाइएको छ । सरकार खरीद, अनुदान र कोभ्याक्स सुविधामार्फत खोप ल्याइरहेको छ । खोपको कमी हुन नदिन अनुदान लिएर तथा खरीद गरेर पनि खोपको मात्रा पुऱ्याउने बताइरहेको छ ।

### बालबालिकाका लागि चाँडै एक लाख मात्रा आउँदै

सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई मोडर्ना र फाइजर खोप दिने तयारी गरेको छ। बालबालिका लागि मोडर्ना ४० लाख र फाइजर ६० लाख मात्रा ल्याइने छ । मोडर्ना कोभ्याक्स सुविधा अन्तर्गत ल्याउनका लागि पैसा पनि बुझाइसकेको छ । खोप शाखा प्रमुख दाहालले एक लाख मात्रा फाइजर खोप चाँडै आउने बताए ।

उनका अनुसार अहिलेसम्म एक करोड ७७ लाख मात्रा खोप आइसकेको छ । यसैगरी ५९ लाख मात्रा भेरोसेल खोपका लागि पैसा तिरिसकेको उनले बताए । कुल खोप लगाउने लक्षितमध्ये २० प्रतिशत कोभ्याक्स सुविधामार्फत ल्याउने सरकारले तयारी रहेको छ । कोभ्याक्सबाट निश्शुल्क एक करोड १३ लाख मात्रा खोप प्राप्त गर्ने सरकारको योजना छ। सरकारले असोज मसान्तभित्र एक करोड पाँच लाख ४८ हजार मात्रा खोप र चैतसम्म तीन करोड २३ लाख मात्रा खोप ल्याइसक्ने जनाएको छ ।

### सार्कमा नेपाल चौथो

कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा नेपाल सार्क मुलुकमा चौथो स्थानमा छ । सार्क देशहरूमा सबैभन्दा बढी भूटानले ६५.६ प्रतिशत नागरिकलाई खोप दिएको छ । त्यस्तै दोस्रोमा मालदिभ्सले ६१.४८, श्रीलङ्काले ५२.६१ प्रतिशतलाई र नेपालले लक्षित वर्गको २८ प्रतिशत नागरिकलाई पूर्ण मात्रामा खोप लगाएको डा अधिकारीले बताए ।





पर्सा जिल्लाको पिपरा स्वास्थ्य चौकीमा भेरोसेल खोपको दोस्रो मात्रा लिन लामबद्ध सेवाग्राही र खोप लगाउँदै सञ्चारकर्मी राजेश मिश्र । तस्वीरः प्रतीक/फाइल

# नेप्सेमा उच्च अङ्कको गिरावट

काठमाडौं, ११ असोज/रासस

आइतवार जस्तै सोमवार पनि धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक आज ७३.०५ अङ्कले ओरालो लागेर दुई हजार ६८५.४१ मा ओर्लिएको छ ।




ठूला कम्पनीका शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १२.९४ अङ्कले घटेर ५०६.३३ मा ओर्लिएको छ। नेप्से ओरालो लाग्दा कारोबार रकमसमेत घटेको छ । कुल २२७ कम्पनीको एक करोड चार लाख ७८ हजार ६८ कित्ता शेयर रु पाँच अर्ब १२ करोड नौ लाख ७३ हजार ९६ मूल्यमा खरीद–बिक्री भए। सोमवारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब ५९ अर्ब ११ करोड २३ लाख ९० हजार बराबर पुगेको छ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर ओरालो लागेको छ । बैंकिङ ४४.०८, व्यापार ४१.२६, होटल तथा पर्यटन ९०.१२, विकास बैंक १९४.१, जलविद्युत् ८०.६१, वित्त ११२.९६, निर्जीवन बीमा ४३९.२८, उत्पादन १०४.३९, अन्य ४३.०२, लघुवित्त १३२.४९, जीवन बीमा ४३७.१७, सामूहिक लगानी कोष ०.१६ र लगानी २.८६ बिन्दुले ओरालो लागे ।

कारोबारका आधारमा आज अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु १५ करोड ४९ लाख ७१ हजार २३० बराबरको कारोबार भयो । युनाइटेड मोदी हाइड्रोपावर रु १३ करोड ५१ लाख ८८ हजार ३८, हिमालयन डिस्टिलरी रु १२ करोड ९२ लाख १८ हजार ७६०, नेपाल बैंक लिमिटेड रु १२ करोड ८५ लाख ४९ हजार ६९३ र नेशनल हाइड्रोपावर रु ११ करोड ९८ लाख ४० हजार ९४१ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

कारोबारका आधारमा मनकामना स्मार्ट लघुवित्त ९.९९, मैलुङ ओला जलविद्युत् कम्पनी ९.९७, गोर्खाज फाइनान्स ६.०८, मिर्मिरे माइक्रोफाइनान्सको संस्थागत शेयर ४ र एनआइसी एशिया बैंकको ऋणपत्रका लगानीकर्ताले १.९२ प्रतिशतले कमाए । यसैगरी, गुडविल फाइनान्स ७.८३, युनाइटेड इदी मर्दी हाइड्रोपावर ७.७३, नेपाल फाइनान्स ७.७२, कालिका पावर कम्पनी ७.७१ र पोखरा फाइनान्सका लगानीकर्ताले ७.२० प्रतिशतले गुमाए ।

# एभरेस्ट प्रिमियर लिग एनसेल फोरजीका साथ

प्रस, काठमाडौं, ११ असोज/

एनसेल फोरजीका साथ देशकै सबैभन्दा ठूलो खेलकूद कार्यक्रम बजाज एभरेस्ट प्रिमियर लिग (इपिएल) असोज ९ गते शनिवारदेखि शुरू भएको छ ।

नवप्रतिभाहरूको प्रवर्धनका लागि खेलकूदमा एनसेलले लगानी गरेको हो । इपिएल जस्तो प्रत्यक्ष प्रसारण हुने खेलले ग्राहकहरूलाई प्रत्यक्षरूपमा जोडिने अवसर प्रदान गरेको छ । यस नयाँ संस्करणको इपिएलमा एनसेल कनेक्टेड बाई पार्टनरको रूपमा आबद्ध भएको छ र यसले देशमा क्रिकेटको विकासका लागि योगदान गर्ने विश्वास एनसेलले लिएको छ ।




एनसेलले सबैभन्दा ठूलो फोरजी सञ्जालका साथ इपिएलमार्फत खेलप्रेमीमा आउटडोर खेलप्रतिको लगावलाई पुनर्स्थापित गर्न मदत गरेको छ । हालको अप्ठेरो समयले गर्दा धेरै मानिस विभिन्न सामाजिक गतिविधिबाट अलग्गिएका छन् र यस्तो समयमा एनसेल ग्राहकहरूसँग डिजिटल माध्यमबाट जोडिएको छ । इपिएलले लामो समयदेखि घरमैं रहेका मानिसहरूका लागि ठूलो राहत ल्याएको महसूस गरिएको छ। क्रिकेट पारखीले इपिएल एनसेल फोरजीका साथ अनलाइनको माध्यमबाट प्रत्यक्ष हेर्दै आएका छन् ।

सन् २०१६ देखि शुरू भएको यो यात्रा अहिले विश्वको ठूलो क्रिकेट लिगमध्ये एक भएको छ । यो खेल विश्वका १५५ देशमा प्रसारण भइरहेको छ र ४५ करोड जनसङ्ख्या यो कार्यक्रमको पहुँचमा छ। इपिएल अन्तर्गत सन् २०१७ र २०१८ मा अन्तर्राष्ट्रिय खेलाडीहरू पहिलोपटक नेपालमा क्रिकेट खेल्न आएका थिए र यो निकै सफल भएको थियो ।

छोटो समयमैं गति लिन सफल इपिएलले विश्वव्यापीरूपमा ध्यान खिच्न सफल भएको छ र नेपालका लागि यो सच्चा राजदूतको रूपमा स्थापित भएको छ। पाकिस्तानी क्रिकेट लिजेन्ड शाहीद अफ्रिदी इपिएल खेल्न नेपाल आएका छन्।

# मल अनुदानमा वृद्धि


काठमाडौं, ११ असोज/रासस

सरकारले चालू आवमा पाँच लाख १८ हजार मेट्रिकटन रासायनिक मल आयात गर्ने भएको छ । गत वर्षको तुलनामा करीब एक लाख टनभन्दा बढी मल आयात गर्न लागिएको जानकारी दिइएको छ ।

मलखाद व्यवसायी सङ्घ नेपालको पाँचौं साधारणसभा तथा दोस्रो महाधिवेशनमा कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव कृष्णप्रसाद आचार्यले मल आयातमा गत वर्ष रु १० अर्ब ५० करोड अनुदान दिइएकोमा यस वर्ष रु १२ अर्ब अनुदान दिन लागिएको जानकारी दिए ।

अर्का सचिव डा गोविन्द शर्माले कृषि उत्पादनमा आवश्यक रहेको मल वितरण प्रक्रियामा निजी क्षेत्रको संलग्नता रहेपनि मूल्य निर्धारणमा एकरूपता नरहेको भन्ने गुनासो आएकोमा चिन्ता व्यक्त गरे । सरकारले तोकेको मूल्यमा व्यवसायीले किसानको खेतबारीमा मल पुऱ्याउन उनले जोड दिए ।

सरकारले साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामग्री कम्पनी लिमिटेडमार्फत मल भारतलगायत अन्य मुलुकबाट आयात गर्ने व्यवस्था गरेको छ। किसानको पहुँचमा मल पुऱ्याउन यी संस्थाले केही सहकारी र निजी क्षेत्रका व्यवसायीलाई मल बिक्री गर्ने गर्दछन् । साल्ट ट्रेडिङ कर्पोरेशन, कृषि सामग्री कम्पनीलगायत संस्थाका प्रतिनिधिले मलको सुरक्षित भण्डारण गर्न नसकेमा त्यसको गुणस्तरमा समस्या आउने उनले बताए ।



बाराको परवानीपुर गाउँपालिका–३ लिपनीमालमा भदैया धान काट्दै किसानहरू । तस्वीरः तिवारी यादव

# एक्काइसौं सदीको सार्वजनिक वाहन–साइकल

आज विश्वको लगभग ४० प्रतिशत ऊर्जा स्रोत यातायात सञ्चालनमा नै खर्च हुन्छ। प्रतिदिन दुई करोड ब्यारलभन्दा बढी इन्धन यसै क्षेत्रमा खपत हुन्छ। तेलको भण्डार सीमित छ। यदि यसैगरी इन्धनको खपत बढ्दै गयो भने आउँदो दिनमा ऊर्जाको प्राकृतिक स्रोत त सिद्धिन्छ नै, साथै इन्धनबाट चल्ने द्रुतगामी वाहनहरू पनि उपयुक्त ऊर्जा उपलब्ध हुन नसक्दा र प्रदूषणका कारण आफैं समाप्त हुनेछन्। यस्तो अवस्थामा यातायातको सर्वोपयोगी वाहन साइकलमात्र रहने विशेषज्ञहरूको मत छ।

वाशिंगटनस्थित 'वर्ल्ड वाच इन्स्टिच्युट' नामक अनुसन्धान संस्थानका वैज्ञानिक–विशेषज्ञहरूले गरेको एउटा व्यापक अध्ययनमा यातायातका लागि साइकललाई सबभन्दा उपयुक्त वाहन पाइएको छ। भारत एवं चीनजस्ता विशाल आबादी भएका मुलुकका अधिकांश जनता अहिले पनि अन्य साधनहरूको अपेक्षा साइकलमा नै निर्भर छ। सुप्रसिद्ध महिला विज्ञानिक मर्सिया लोवले यसलाई एक्काइसौं शताब्दीको उपयुक्त वाहन बताएकी छन् र भनेकी छन् कि यो कति ठूलो विडम्बना हो कि विकासशील मुलुकका मानिसहरू जहाँ मोटरगाडी खरीद गर्न हच्किन्छन्, त्यहीं निर्धन मुलुकका मानिस आफ्नो रगत–पसिनाको कमाइको अधिकांश भाग मोटर यातायातमा खर्च गर्छन्। कैयौं मानिस ऋण लिएर पनि गाडी खरीद गर्न धक मान्दैनन्। उनी भन्छिन् अब समय आइसकेको छ, मानिसले सोच्नुपर्छ कि मोटर उद्योगका लागि पेट्रोलियम इन्धनको सम्पदा सीमित छ, तिनको स्रोत खुम्चिंदै छ, अतः महँगा वाहनको सट्टा सस्तो एवं सुलभ, हलुको वाहन साइकल नै किन प्रयोग नगर्ने ? भारतलाई उनले साइकल उद्योगमा सबैभन्दा ठूलो निर्माता बताएकी छन् र भनेकीछन् कि भारत साइकल यातायातलाई प्रोत्साहन दिएर सारा विश्वमा यसको प्रचलन बढाउन प्रेरणा दिन सक्छ। यसले पर्यावरणमा व्याप्त विषाक्तता अरू बढ्न रोक लगाउन सकिन्छ र इन्धनमाथिको निर्भरता पनि घट्ने छ तथा यसरी बचत भएको ऊर्जा अन्य आवश्यक काममा खर्च गर्न सकिन्छ।

विज्ञानवेत्ता मर्सिया लोवका अनुसार भारतजस्तै यताका दिनमा चीन र जापानमा पनि

## युग परिवर्तन कसरी र कहिले

साइकल यात्राको प्रचलन बढेको छ। न्युयार्कको जनता पनि अब मोटरकारको अपेक्षा साइकलबाट यात्रा गर्न बढी मन पराउँछ। उनी थप भन्छिन् सानो दूरीको यात्राका लागि साइकल सर्वोत्तम वाहन हो, तर लामो दूरीको यात्राका लागि प्रायः थकाइ र बढी समय लाग्ने मानिन्छ। हुनत पश्चिम जर्मनीको कीलस्थित प्राविधिक विद्यालयका वैज्ञानिकहरूले यस समस्याको पनि समाधान खोजेका छन्। उनीहरूले यस्तो स्वचालित साइकल विकसित गरेका छन्, जुन कार्यक्षमतामा स्कूटर वा मोटरसाइकलभन्दा कुनै पनि किसिमले कम छैन, साथै त्यसमा पेट्रोलियमजस्तो इन्धन पनि प्रयोग हुँदैन। त्यसको सञ्चालन सौर ऊर्जाबाट हुन्छ। एउटा सानो आकारको डिसी मोटरमा ऊर्जा एकत्र गरेर यो साइकल प्रतिघण्टा ४५ किलोमिटरको रफ्तारमा तीन घण्टासम्म गुड्न सक्छ। केही समय सौर ऊर्जा सङ्कलन गरेपछि यसको मोटर पुनः सक्रिय हुन्छ। यसबीच यसलाई सामान्य साइकलभैं चलाउन सकिन्छ। वैज्ञानिकहरूको मत छ कि आउँदो दिनमा यस प्रकारका साइकलहरूको प्रचलन आरम्भ हुनेछ अनि मानिसले मोटरगाडीको साटो साइकललाई नै मन पराउनेछन्।

**प्रदूषणको बढ्दो विभीषिका, तेलको मूल्यमा निरन्तर भइरहेको बढोत्तरी र आगामी केही दशकमा तेलस्रोत सुक्ने (रित्तिने) सम्भावनालाई हेर्ने हो भने अब आवागमन र यातायातको सुविधाका लागि ध्यान अनायास साइकलतिर आकर्षित हुन्छ।**

एउटा सर्वेक्षण अनुसार विश्वभरि अब दुई पाङ्ग्रे सवारीसाधनमा साइकलले लोकप्रियता प्राप्त गरिरहेको छ। त्यसमा सुधार–विकासको वैज्ञानिक प्रयत्न पनि जारी छ। साइकल यात्रालाई प्रोत्साहन दिनका लागि लन्दनको एउटा कम्पनीले त आफ्ना ती कर्मचारीलाई वाहन–भत्ता पनि दिने योजना बनाएको छ, जो इन्धनबाट चल्ने सवारी साधन प्रयोग नगरेर साइकललाई प्राथमिकता दिन्छन्। कम्पनीका मालिकहरूको भनाइ छ कि यो हलुको वाहन खरीद गर्न र त्यसको बन्दोबस्तीमा न भारी रकम खर्च गर्नुपर्छ, न इन्धनमा निर्भर रहनुपर्छ। यसलाई जहाँ पनि लग्न सकिन्छ र आवश्यक पर्‍यो भने काँधमा बोक्न पनि सकिन्छ। दिनभरि कुर्सीमा बसेर काम गर्नेहरूका लागि त साइकल यात्राबाट राम्रो व्यायाम पनि हुन्छ।

प्रदूषणको बढ्दो विभीषिका, तेलको मूल्यमा निरन्तर भइरहेको बढोत्तरी र आगामी केही दशकमा तेलस्रोत सुक्ने (रित्तिने) सम्भावनालाई हेर्ने हो भने अब आवागमन र यातायातको सुविधाका लागि ध्यान अनायास साइकलतिर आकर्षित हुन्छ। आज एकमात्र साइकल नै यस्तो वाहन हो, जुन उपरोक्त सबै समस्याहरूबाट पूर्णतः मुक्त छ। यसबाट न प्रदूषण फैलन्छ, न धेरै महँगो हुन्छ। शहरका चाक्ला सडकका साथै गाउँ–देहातका साँघुरा बाटामा समेत चलाउन सकिन्छ। यस्तो अवस्थामा यदि यसलाई आजको सदीको महत्त्वपूर्ण र लोकप्रिय वाहनको संज्ञा दिइन्छ भने कुनै अत्युक्ति हुँदैन।

तेलबाट चल्ने वाहनहरूका साथ सबैभन्दा ठूलो समस्या प्रदूषण हो। त्यो मोटरसाइकल होस्, तीनपाङ्ग्रे वाहन अथवा कार, बसजस्ता गाडीहरू–सबै दुई प्रकारको प्रदूषण फिंजाउनमा विशेष भूमिका निर्वाह गर्दछन्। पहिलो त यिनमा इन्धनको रूपमा प्रयुक्त हुने पेट्रोल, डिजल जब इन्जिनमा जान्छ, कैयौं प्रकारको विषाक्त ग्याँसहरू वातावरणमा पुग्छ, फलतः हावा प्रदूषित हुन्छ जसको प्रतिकूल प्रभाव स्वास्थ्यमा पर्छ र थरीथरीको बिमारी हुन्छ। आज विश्वको सबैभन्दा प्रदूषित शहर जापानको टोकियोलाई मानिन्छ, तर यी सबका लागि त्यहाँको अधिकतम पेट्रोल, डिजलचालित वाहन मात्र जिम्मेवार हुन भन्न सकिन्न, तर यिनको पनि महत्त्वपूर्ण भूमिका छ, यसमा दुई मत हुन सक्दैन। दोस्रो यिनले हल्ला पनि बढी गर्छन्। कैयौंपटक त साइलेन्सरविहीन गाडी चलाउँदा यति तीव्र कोलाहल उत्पन्न हुन्छ कि मुटु रोगीहरूमाथि विपरीत असर पर्छ। यसै कारण विश्वका अनेक ठूला नगरहरूमा हल्लाको निश्चित सीमा निर्धारित गरिएको हुन्छ, त्यसभन्दा बढी उच्च स्तर स्वास्थ्यका लागि हानिकारक मानिन्छ र अपराधको श्रेणीमा गनिन्छ।

साइकल यी दुवै प्रकारका प्रदूषणबाट मुक्त छ, अतः स्वास्थ्यको दृष्टिले निरापद र बढी लाभकरी मानिन्छ। त्यसले व्यायामको आवश्यकता पनि पूरा गर्छ, जुन इन्धनले चल्ने वाहनहरूबाट पूरा हुन सक्दैन। क्यालिफोर्निया विश्वविद्यालयका शोधकर्ता डा.ई. ग्रिफिथका अनुसार लामो समयसम्म बराबर इन्धनचालित गाडीमा सफर गर्नाले यात्रीहरूमा ढाडको हाडसम्बन्धी अनेकानेक प्रकारका परेशानी उत्पन्न हुन सक्छ। उनी एउटा सर्वेक्षण पछि यस्तो निष्कर्षमा पुगेका हुन्। आफ्नो अनुसन्धानको क्रममा उनले के पाए भने कार एवं अन्य प्रकारका स्वचालित वाहनहरूमा लामो समयसम्म यात्रा गर्ने मानिसमा यसको सम्भावना ७० देखि ८० प्रतिशतसम्म हुन्छ, जबकि ३० देखि २० प्रतिशत मानिस मात्र यस दुष्परिणामबाट जोगिने गुन्जाइस हुन्छ। यसको कारण बताउँदै उनी भन्दछन्–यस्ता वाहनहरूमा लामो समयसम्म निहुरेर बस्नुपर्दा र अङ्ग–प्रत्यङ्ग क्रियाहीन हुन पुग्दा नै यस प्रकारको तकलिफको शुरूआत हुन्छ। जबकि दैनिक जीवनमा साइकल प्रयोग गर्ने मानिसहरूमा नगण्य मात्र यस प्रकारको तकलिफ देखियो। अहिलेलाई यस अध्ययनबाट यति त ज्ञात भयो कि साइकलले हामीलाई स्वचालित वाहनबाट हुने हानिबाट जोगाउने काम मात्र गर्दैन अपितु आजको व्यस्त जीवनमा व्यायामको आवश्यकता पनि राम्ररी पूरा गरिदिन्छ।

# आजदेखि जितिया पर्व शुरू

जलेश्वर, ११ असोज/रासस

तराई क्षेत्रकै 'जितिया पर्व' नहा खा (नुहाएर खानु) विधि गर्दै आजदेखि धार्मिक विधि अनुसार शुरू भएको छ। व्रत बस्नु अघि आजका दिन बर्तालु महिलाले नदी, तलाउ वा पोखरीमा नुहाएर सोही ठाउँमा घिरौलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) तथा पिना प्रसादका रूपमा चढाई आफू पनि खाने र परिवारका सबै सदस्यलाई खुवाउने गर्दछन्।

त्यसैगरी भोलि (मङ्गलवार) बिहान ४:०० बजेदेखि निर्जल उपवास बसी बुधवार बेलुका ५:०० बजेपछि मात्रै व्रत सम्पन्न गर्ने जलेश्वरनाथ महादेवका पूजारी उपेन्द्र पाठकले बताए। यहाँका बर्तालुले जिल्लाको विग्ही, रातो जङ्गहा, अङ्कुशी नदी तथा पवित्र पोखरी लक्ष्मी सागर, वरुणसागर, भार्गव सागरलगायत पवित्र सरोवर र नदीमा स्नान गरेर जितवाहनको कथा सुन्ने गर्छन्। यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन छ।

व्रत बस्नु अघिल्लो दिनमैं बर्तालुले विभिन्न जलाशयमा स्नान गरी घिरौलाको पातमा पिना, सख्खर र तोरीको तेलसहित पदार्थ चढाउनुपर्छ। देवतालाई चढाएकै तेलमध्येबाट शाखासन्तानलाई पनि लगाउन दिनुपर्छ। व्रतको पहिलो दिन आज पूजापछि कोदोको रोटी, नूनीको साग र माछा खाने चलन छ। त्यसलाई स्थानीय भाषामा 'माछ मरुवा' भनिन्छ।

त्यसैगरी विधि अनुसार भोलि एका बिहानै काग कराउनुभन्दा पहिल्यै बर्तालु महिलाले ओंगठन सम्पन्न गर्नुपर्छ अर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ। प्रायःले ओंगठनमा च्यूरा र दही खाने गरेको पाइन्छ। त्यसपछि विकट उपवासको क्रम शुरू हुन्छ। आश्विन कृष्ण पक्षको अष्टमीका दिन मनाइने यो व्रत विशेष विकट रहेको जलेश्वरका विख्यात पण्डित कालिकान्त झा बताउँछन्।

सन्तानको दीर्घजीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक, सांस्कृतिक तथा तान्त्रिक महत्त्वसमेत छ। यालना संस्कृत विद्यापीठ मटिहानीका प्राध्यापक ध्रुव रायले भने–"यस पर्वले मिथिला महिलाको सांस्कृतिक भूमिका र महत्त्व पनि उजागर गर्छ।" पितृ पक्षमा मनाइने पर्वमा महिला आफैंले दिवङ्गत पितृलाई पिण्ड चढाउँछन्।

मिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई पवित्र व्रतका रूपमा मानिन्छ। उपवास बसेका दिन महिलाले डकार गरे अथवा मुखले खकार वा जिब्रो टोके भने व्रत असफल भएको मानिन्छ। त्यसैले यस पर्वलाई खड्जितिया पनि भनिन्छ। फेरि एकपटक असफल भएकी बर्तालु आजीवन व्रत बस्न पाउँदैनन्।

राजा शालिवाहनको राज्यमा एउटी महिलाका सात छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवाहनलाई 'जितुवाहन' नामकरण गरी राजाको सम्झनामा उपवास बस्न थालेकाले यो व्रत शुरू भएको पौराणिक कथन छ। जीवनमा एकपटक टुटेपछि पुनः गर्न नपाइने हुँदा हतपत महिला यो व्रत बस्दैनन्। मिथिला क्षेत्रमा पुत्र हुने प्रत्येक महिलाले जीवनमा यो पर्व अपनाउनैपर्ने चलन छ।



सप्तरीको राजविराजस्थित कल्टुपोखरीमा सोमवार जितिया पर्वको पहिलो दिन 'नहा, खा' (नुहाएर खानु) विधि अनुसार घिरौलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई प्रसाद (पिना, सख्खर र तोरीको तेल) चढाइ पूजा गर्दै बर्तालु महिला। सन्तान तथा पतिको सुख, शान्ति र समृद्धिको कामना गर्दै यो पर्व मनाउने गरिन्छ।

तस्वीरः अरुणकुमार यादव/रासस

## फरक समाचार

# जानौं हरियो नुनको लाभ

नुनको दुईवटा रूप हामीले देखेका छौं, पहिलो सेतो नुन, जुन खानामा प्रयोग गरिन्छ र अर्को कालो नुन (सलाद र अन्य व्यञ्जनमा प्रयोग हुने) तर यी दुई नुनका अलावा हरियो नुन पनि हुन्छ, जसलाई अलग–अलग व्यञ्जनमा मिसाएर बनाइन्छ। हरियो नुन बजारमा पाइँदैन, तसर्थ यसलाई घरमैं तयार गर्नुपर्छ।



हरियो नुनबाट निकै फाइदा हुन्छ। हरियो नुन अर्थात् हरियालीतर्फ सङ्केत गरिने यो नुनको भारत, उत्तराखण्डको व्यञ्जनमा विशेष स्थान छ, किनभने यसलाई उत्तराखण्डका बासिन्दाले मात्र बनाउँछन्।

**हरियो नुन बनाउने प्रक्रियाः** हरियो नुन बनाउन हरियो खुर्सानी, धनियाको पात, लसुन, जीरा र सेतो नुनलाई पिसेर तयार गरिन्छ। हरियो नुन तयार गर्न सबै सामग्रीको उपयोग एक अनुपातमा गर्न सकिन्छ। नुनमा प्रयोग हुने यी सबै सामग्रीले यसलाई अन्य नुनभन्दा गुणकारी बनाउँछ।

**हरियो नुन सेवनको फाइदाः** हरियो नुनमा हरियो खुर्सानी र धनियाको पात प्रयोग हुन्छ। यी दुवैले एकातर्फ हरियो रङ्ग प्रदान गर्छ भने अर्कोतर्फ यसले हाम्रो आँखाको दोषबाट पनि जोगाउँछ। कैयौंपटक चिकित्सकले हामीलाई रातो खुर्सानी नखान सल्लाह दिंदै हरियो खुर्सानी आहारमा समावेश गर्न भन्छन्।

**लसुनः** पेटको समस्या जस्तै कब्ज, एसिडिटीबाट मुक्तिको लागि लसुन सेवन गर्नुपर्छ। भोजन गरेपछि शरीरमा एसिडिटीको समस्या हुन्छ तसर्थ खाना खाएपछि हरियो सलादमा हरियो नुनको प्रयोग गर्दा यसमा पाइने लसुनले कब्जलगायत अन्य समस्याबाट मुक्ति दिन्छ।

# वायु प्रदूषणबाट जोगाउने खानेकुरा

वायु प्रदूषणको कारण स्वास्थ्यसम्बन्धी गम्भीर समस्या हुन सक्छ। विशेषगरी साँस फेर्न अप्ठ्यारो हुने, कफको प्रकोप बढ्ने, आँखा पोल्ने, टाउको तथा छाती दुख्ने समस्या आदि हुन सक्छ। तसर्थ वायु प्रदूषणबाट हुने स्वास्थ्यसम्बन्धी समस्याबाट जोगिन बिहान बेसार, अदुवा र तुलसीको रस सेवन गर्नुपर्छ। किनभने यसमा भरपूर एन्टिआक्सिडेन्ट हुन्छ। एन्टिआक्सिडेन्टले रोग प्रतिरोधक क्षमता मात्र वृद्धि गर्दैन, स्वास्थ्यसँग जोडिएका अन्य समस्यामा प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा पुऱ्याउँछ। चिकित्सकका अनुसार प्रदूषणको कारण हाम्रो शरीरमा पुगेका हानिकारक तत्त्वलाई यसले निकाल्छ र स्वास्थ्य ठीक राख्छ। तुलसीको आफ्नै औषधीय महत्त्व छ, तसर्थ तुलसीको सेवनले अत्यन्त फाइदा पुऱ्याउँछ।



मह र मिठाले पनि रोग प्रतिरोधक क्षमता बलियो बनाउँछ। हावामा फैलिएको प्रदूषणबाट जोगाउनुका साथै हाम्रो शरीरलाई रोगको प्रभावबाट बचाउँछ। लसुनले पनि प्रतिरोधक क्षमता बढाउँछ, कफ हुन दिंदैन। भिटामिन सीको बढी खुराक लिनुपर्छ। सुन्तला, अमला, कागती र अम्बामा भिटामिन सी भरिपूर्ण हुन्छ। अमला र घ्यूकुमारीको जुस पनि प्रदूषणको मौसममा छालालाई जोगाउन मदत गर्छ। साग, तरकारी राम्ररी धोएर मात्र प्रयोग गर्नुपर्छ किनभने यो खुलामा प्रदूषित हुन्छ। यसको अलावा वरपर बोटबिरुवा लगाउनुपर्छ, जसबाट ताजा आक्सिजन प्राप्त हुन्छ।

# गहिरो निद्राले ३० प्रतिशतसम्म चिन्ता कम गर्छ

नयाँ अध्ययन अनुसार यदि तपाईं सधैं गहिरो निद्रामा सुत्नुहुन्छ भने तपाईंको चिन्ता ३० प्रतिशतसम्म कम हुन्छ। बिहान फ्रेस महसूस हुन्छ र सोच्ने शक्ति पनि बढ्छ। हाल ७ करोड अमेरिकी (यसमध्ये चार करोड वयस्क) स्लिप डिसअर्डरबाट पीडित छन्।

क्यालिफोर्निया विश्वविद्यालय बर्कलेको शोधकर्ताका अनुसार चिन्ताग्रस्त मस्तिष्कलाई शान्त र रिसेट गर्न गहिरो निद्रा आवश्यक हुन्छ। यसलाई नन रैपिड आइ मुभमेन्ट (एनआरइएम) स्लो–वेब स्लिपको रूपमा पनि जानिन्छ। बर्कलेमा तन्त्रिका विज्ञान र मनोविज्ञानका विशेषज्ञ, लेखक तथा प्रोफेसर मैथ्यु



वाकरको भनाइ छ, गहिरो निद्राबाट शरीर र मस्तिष्क पूर्णरूपमा शान्त भएर आराम महसूस गर्छ, गहिरो निद्रा मस्तिष्कमा कनेक्सनलाई पुनः व्यवस्थित गरेर रातभरिको चिन्तालाई कम गरिदिन्छ।

सरल शब्दमा भन्न सकिन्छ गहिरो निद्राले शरीर र मस्तिष्कको मरम्मत गर्छ। यस्तो निद्राको लागि खानपानको साथै दिनचर्या पनि बदलिनुपर्छ। नेचर ह्युमन बिहेभियर जर्नलमा प्रकाशित एक शोध अनुसार चार करोड अमेरिकी वयस्क र बच्चा निद्रा नलाग्ने रोगबाट पीडित छन्। बर्कलेमा सेन्टर फर ह्युमन स्लिप साइन्समा पोस्टडाक्टोरल फेलो तथा लेखक एटी बेन साइमनले भने– शोधकर्ताको टीमले यसक्रममा १८ जना युवाको दिमाग स्क्यान गऱ्यो। यी युवा निद्रा लागे पनि रातभरि यस्ता भिडियो हेर्ने गर्दथे, जुन भावनात्मकरूपले दिमागमा हलचल मचाउँथ्यो। निद्राको समय बितेपछि उनीहरू सुत्ने कोशिश गर्दथे र दिनमा जागीर खान्थे।

उनीहरूको मस्तिष्क स्क्यानिङको साथै प्रत्येक सत्रपछि चिन्ताको स्तरलाई मापन गरिएको थियो। एक रातसम्म निद्रा नआएपछि मस्तिष्कको स्क्यानिङमा औसत दर्जाको प्रिफ्रन्टल कार्टेक्स (हाम्रो मस्तिष्कको अग्रभाग जुन क्रिएटिभिटी, सोच–बुझ गर्ने काम गर्छ) बन्द भएको देखियो। यही सामान्यरूपबाट हाम्रो चिन्तालाई नियन्त्रित राख्न मदत गर्छ, जबकि मस्तिष्कको गहन भावनात्मक केन्द्र अतिसक्रिय थियो। निद्राविना यो लगभग त्यस्तो नै हुन्छ जस्तै कि तपाईं विनाब्रेकको वाकरमा हिंड्दै हुनुहुन्छ, जसलाई नियन्त्रित गर्न कठिन हुन्छ। अघिल्लो टेस्टमा यी युवालाई गहिरो निद्रामा सुताइएको थियो।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## कोभिड-१९ को उत्पत्तिबारेको अनुसन्धानलाई पुनर्जीवित गरिने

जेनेभा, असोज ११/एएनआई

विश्व स्वास्थ्य सङ्गठनले कोभिड-१९ को उत्पत्तिसम्बन्धी अनुसन्धान पुनर्जीवित गर्ने प्रयास गरिरहेको छ।




अमेरिकी सञ्चार माध्यमले जनाए अनुसार वाल स्ट्रीट जर्नलको रिपोर्टमा उल्लेख भए अनुसार विश्व स्वास्थ्य सङ्गठनको एउटा निकायले २० जना वैज्ञानिकहरूको एउटा टोलीलाई यसबारे थप नयाँ प्रमाण खोज्न भेला गर्दैछ। उक्त रिपोर्ट अनुसार कोभिड-१९ को उत्पत्तिबारे चिनियाँ वैज्ञानिकहरूले दिएको प्रमाण अपर्याप्त छ।

रिपोर्टमा भनिएको छ–वैज्ञानिकहरूको नयाँ समूह जसमा प्रयोगशाला सुरक्षा, जैविक सुरक्षा विशेषज्ञहरू र आनुवंशिक विशेषज्ञहरू सम्मिलित छन्, उनीहरूले कोरोना भाइरस प्रयोगशालाबाट बाहिरएको हो वा होइन भन्ने विषयमा गम्भीर अध्ययन-अनुसन्धान गर्नेछन्। उक्त अध्ययनले यस किसिमका भाइरस सङ्क्रमणको जोखिम भविष्यमा हुन सक्ने कुरालाई समेत केन्द्रमा राखेर प्रतिवेदन तयार पार्नेछ।

स्वास्थ्य सङ्गठनको यस नयाँ पहलले अनुसन्धान छिटो सक्न र जोखिम कम गर्न मदत पुऱ्याउने विश्वास गरेको छ।

यस अघि अगस्तमा अमेरिकाले कोभिड भाइरसको उत्पत्तिबारे एउटा रिपोर्ट जारी गरेको थियो। उक्त रिपोर्टलाई बेइजिङले पूर्णरूपमा राजनीतिक भएको र कुनै वैज्ञानिकता र विश्वसनीयता नभएको भन्दै अस्वीकार गरेको थियो। त्यसबारे चिनियाँ उपविदेश मन्त्री मा झाओक्सुले कडा शब्दमा आपत्ति जनाउँदै अमेरिकाले भाइरस ट्रेसिङका नाममा अन्तर्राष्ट्रिय सहयोगमा विषाक्तता नथप्न र महामारीविरुद्ध लडाइँमा वैज्ञानिक ढङ्गले अनुसन्धान गर्दै सही बाटो समात्न आग्रह गरेका थिए।

यसैगरी उक्त रिपोर्टको सारांशमा भनिएको छ–अमेरिकी खुफिया समुदाय (आइसी) का अनुसार नोभेल कोरोना भाइरसको उत्पत्ति अतिरिक्त जानकारीविना कहिल्यै पहिचान गर्न सकिँदैन।

रिपोर्टका अनुसार अमेरिकी गुप्तचर समुदाय अझै पनि यस भाइरसको उत्पत्ति प्रयोगशालाबाट भएको हो वा जनावरबाट मानिसमा प्रवेश गरेको हो भन्नेबारे विभाजित छ।

डब्लुएचओ नेतृत्वको वैज्ञानिकहरूको एउटा टोलीले २०२१ को शुरूमा चीनको यात्रा गरी भाइरसको उत्पत्तिबारे अनुसन्धान गर्ने प्रयत्न गरेको थियो, यद्यपि यसले त्यसबारे स्पष्ट र यथेष्ट प्रमाण र तस्वीरहरू सङ्कलन गर्न भने निकै सङ्घर्ष गर्नुपरेको थियो। रासस

## जङ्गल सफारीका लागि गाडी प्रदान

प्रस, सेढवा, ११ असोज/

विश्व पर्यटन दिवसको अवसरमा सुनाखरी मध्यवर्ती होमस्टे सुवर्णपुरलाई प्रदेश नं २ सरकारले जङ्गल सफारीका लागि गाडी प्रदान गरेको छ।




मन्तव्य व्यक्त गर्दै प्रदेशसभा सदस्य शङ्कर चौधरी। तस्वीरः प्रतीक

प्रदेश नं २ मा पर्यटन भित्र्याउन पर्यटकीयस्थल विकासका लागि प्रदेश सरकारले जङ्गल सफारीका लागि टाटा सफारी गाडी प्रदान गरेको हो।

प्रदेशका अन्य स्थानभन्दा यस क्षेत्रमा अन्तरिक तथा बाह्य पर्यटक आउने र त्यसका राष्ट्रिय निकुञ्जको अवलोकन गर्न सवारीसाधनको सुविधा नहुँदा जङ्गल सफारी गाडी प्रदान गरिएको बताइएको छ।

ठोरी गाउँपालिका-५ स्थित सुनाखरी होमस्टेको सांस्कृतिक भवनमा आयोजित कार्यक्रममा होमस्टेका अध्यक्ष शम्भुराम पौडेललाई जङ्गल सफारी गाडी हस्तान्तरण गरिएको थियो। प्रदेशसभा सदस्य शङ्कर चौधरीले सो गाडी पौडेललाई हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा प्रदेश नं २ को वन निर्देशनालयका सचिव जगरनाथ जैसवाल, पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोजकुमार साह, डिभिजन वन कार्यालयका निमित प्रमुख फरमान मियाँ, समाजसेवी लेखमान थापा, जरी लामालगायतले मन्तव्य व्यक्त गरेका थिए।

## ४५ जनामा मोतीबिन्दु

प्रस, पोखरिया, ११ असोज/

पोखरिया नगरपालिका-९ वडा कार्यालयको भवनमा सोमवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ। शिविरमा १४६ जनाको आँखा परीक्षण गरिएकोमा ४५ जनामा मोतीबिन्दु देखिएको डा अरुण यादवले बताए।

शिविरमा मोतीबिन्दु देखिएका ४५ जनाको माट्रिका आई फाउन्डेशनमा निश्शुल्क शल्यक्रिया हुने पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनले बताइन्।



कार्यक्रममा प्रेसक्रिप्सन दिँदै नगर उपप्रमुख सलमा खातुन। तस्वीरः प्रतीक

शिविरमा लोकतान्त्रिक समाजवादी पार्टी पोखरियाका अध्यक्ष राजुसाह तेली, वडाध्यक्ष रामबाबूप्रसाद चौहान, हरि साह, स्वास्थ्यकर्मीलगायतको सहभागिता थियो।

## बेलायतमा घटेनन् कोरोना सङ्क्रमित

लन्डन, ११ असोज/सिन्ह्वा

बेलायतमा पछिल्ला केही हप्तायता कोभिड-१९ का सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको बेला आइतवार पनि एकै दिनमा ३२ हजारभन्दा बढी सङ्क्रमित थपिएका छन्। ती सङ्क्रमितहरू पछिल्लो २४ घण्टामा थपिएका समाचारमा जनाइएको छ।

प्राप्त समाचार अनुसार यहाँ आइतवार मात्र ३२ हजार ४१७ जना सङ्क्रमित भेटिएका हुन्। गएको २४ घण्टा यतामात्र थपिएका ती सङ्क्रमतिसँगै अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या ७६ लाख नाघेको छ। यहाँका स्वास्थ्य अधिकारीहरूका अनुसार आजसम्म सङ्क्रमितहरूको सङ्ख्या ७६ लाख ६४ हजार ५२० जना पुगेको छ। त्यसैगरी सङ्क्रमणबाट भएको मृत्युको सङ्ख्या १ लाख ३६ हजार १६८ छ।

बितेको २४ घण्टामा मात्र यहाँ ५८ जनाको सङ्क्रमणबाट ज्यान गएको बताइएको छ। लन्डनमा कोभिड-१९ को अवस्था सामान्यजस्तो देखिएपनि पछिल्ला दिनमा बढ्दै जान थालेको छ। केही समय अघि यहाँ भाइरसका सङ्क्रमितहरू घटेपछि जनजीवन सामान्य बनाइएको भएपनि पछिल्लो हप्ताहरूमा महामारीको सङ्क्रमण फेरि बढ्न सक्ने खतरा देखिएको छ। पछिको समयमा हरेक दिन ३० हजारभन्दा बढी सङ्क्रमित थपिने गरेका बताइएको छ।

### भारतमा २६ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली/

भारतमा कोरोना भाइरसबाट थप २६ हजारभन्दा बढी नयाँ सङ्क्रमित भएका छन्। पछिल्लो २४ घण्टामा भारतमा २६ हजार ४१ जना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमवार जानकारी दिएको छ।

भारतमा अहिले पनि सङ्क्रमितको सङ्ख्या दुई लाख ९९ हजार ६२० रहेको छ। यो सङ्ख्या घट्दै गएको देखिएको छ। एकै समयमा नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो।

त्यसैगरी, अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड २९ लाख ३१ हजार ९७२ पुगेको छ। गत आइतवारसम्ममा भारतका ५६ करोड ४४ लाख जनाको स्वाब परीक्षण गरिएको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म ८६ करोड १० लाख मात्रा खोप लगाइएको छ। रासस

## आणविक हतियार उन्मूलन गर्न आग्रह

संयुक्त राष्ट्रसङ्घ, ११ असोज/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले आणविक




हतियाररहित विश्व निर्माण गर्न विश्व समुदायलाई आग्रह गरेका छन्। उनले विश्व आणविक हतियारविरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा सो कुरा बताएका हुन्।

उनले आणविक हतियारहरू विश्वबाट नै अनिवार्यरूपमा उन्मूलन हुनुपर्ने बताए। महासचिव गुटरेसले भनेका छन् यो हतियार मानवताविरुद्ध र घातक भएकोले विश्वबाट उन्मूलन हुनुपर्ने कुरामा जोड दिएका हुन्। तर आणविक हतियारहरू अहिले पनि विश्वमा एक चुनौतीका रूपमा रहेको उनले बताएका छन्।

उनले गएको एक दशक यता विश्वबाट नै आणविक हतियार घटिरहेको पाइए पनि अझै पनि विश्वमा कम्तीमा १४ हजार रहेको उनले बताए। यति सङ्ख्या पनि घातक नै रहेको उनले बताएका छन्। त्यसैले यी सबै हतियार उन्मूलन गर्नेगरी काम गर्नुपर्ने चुनौती संयुक्त राष्ट्रसङ्घसमक्ष रहेको उनले बताए। उनले संयुक्त राष्ट्रसङ्घ स्थापनादेखि नै यस्ता हतियार उन्मूलन गर्ने कार्यक्रममा लागेको पनि स्पष्ट पारेका थिए। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | राज्यलाभ | वृष | कान्तिक्षय |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | प्रगति | वृश्चिक | वादविवाद |
| धनु | यात्रालाभ | मकर | शत्रुभय |
| कुम्भ | चोरभय | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## जर्मनीको कन्जर्भेटिभ पार्टी अब विपक्षी बेन्चमा

बर्लिन, असोज ११/एएफपी

जर्मनीको सामाजिक प्रजातान्त्रिक पार्टीका नेता ओलाफ स्कोल्जले जर्मनीको सिडियु-सिएसयु गठबन्धन अब विपक्षी बेन्चमा पुग्ने बताएका छन्।

रुढिवादीहरूविरुद्ध चुनावी मोर्चामा पार्टीलाई विजय नजीक पुऱ्याएका नेता स्कोल्जले सिडियु र सिएसयुले जनमतमात्र गुमाएका छैनन्, सरकारबाट बाहिरन जनताबाट स्पष्ट जनादेश पनि पाएको बताएका छन्।


वर्तमान सरकारका अर्थमन्त्रीसमेत रहेका नेता स्कोल्जले उनीहरू अब सरकारमा बस्न मिल्दैन तुरुन्त प्रतिपक्षमा जानुपर्छ भने। रासस

## १२ वर्षमा ३० प्रतिशत

म्याग्दी, ११ असोज/रासस

नेपाल विद्युत् प्राधिकरणद्वारा यहाँ निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको तीस प्रतिशत मात्र काम सम्पन्न भएको छ।

भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र सरकारको संयुक्त लगानीमा विसं २०६६ मा सो आयोजना निर्माण शुरू भएको थियो। पुरानो ठेकेदार आइभिआरसिएल टाट पल्टेपछि विसं २०७२ मा ठेक्का तोडेर विसं २०७३ मा प्राधिकरणले सहायक कम्पनी रघुगङ्गा हाइड्रो स्थापना गरेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाएको थियो।



यो आयोजना निर्माणका लागि विसं २०७४ मङ्सिरमा रु छ अर्बमा ठेक्का सम्झौता गरेको भारतको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट (जेपी) ले पनि अपेक्षाकृत काम गर्न सकेको छैन। आयोजनाका व्यवस्थापक राज विष्टले हालसम्म ३० प्रतिशत प्रगति भएको बताए। "४५ महीनाको ठेक्का सम्झौताको म्याद सकिन लागेको छ"– उनले भने–"ठेकेदारले एक वर्ष म्याद थप्न प्रस्ताव गरेको छ।"

पुरानो ठेकेदारले १० प्रतिशत काम गरेको थियो। हालसम्म पिप्लेमा ६१ मिटर गहिरो सर्चसाफ्ट र ६५४ मिटर लामो चारवटै अडित (मुख्य सुरुङमा पुग्ने पहुँचमार्ग) निर्माण सकिएको छ। पावरहाउसदेखि दग्नाम र झिंको सिमानामा पर्ने बाँधसम्म ११ किलोमिटर पहुँचमार्ग, बुग्लस्थित रघुगङ्गा नदीमाथि ४० मिटर लामो ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरेको छ।

छ किलोमिटर २०० मिटर लामो सुरुङमध्ये हालसम्म १७३७ मिटर निर्माण सकिएको छ। प्रेसर साफ्टको २५४ मिटर सुरुङ निर्माण भएको छ। सिभिल ठेकेदार जेपीले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न शुरू गरेको थियो।

ठेकेदारले पर्याप्त मात्रामा मजदूर, उपकरण परिचालन गर्न र निर्माण सामग्री तथा उपकरण जुटाउन नसक्दा ढिलासुस्ती भएको आयोजना प्रभावित क्षेत्र रघुगङ्गा गाउँपालिका-३ पिप्लेका वडाध्यक्ष जीवनकुमार मल्लले जानकारी दिए। पहिरोका कारण बाँध, पहिलो र दोस्रो नम्बर अडिटबाट सुरुङ निर्माणको काम गत असार महीनादेखि रोकिएको छ। बाँधमा जग्गा व्यवस्थापन र पहिलो नम्बरको अडित खनेर सुरुङ निर्माणको तयारी गरेको थियो। पिप्लेको बगैंचास्थित आउटलेट निर्माणस्थलमा सक्रिय भएको पहिरोका कारण तिल्केनीचौरमा राहुघाटको विद्युत्गृह निर्माणलाई समेत प्रभावित बनाएको छ।

प्राकृतिक विपद् र कोरोना महामारीलाई ठेकेदारले ढिलाइको कारण दाबी गरेको छ। विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता गरेको भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले तिल्केनीचौरमा विद्युत्गृह निर्माणका लागि प्रारम्भिक चरणको काम गरेको छ।

अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध रहने यस आयोजनाले सन् २०२३ को जनवरी ३१ देखि वार्षिक रु चौबीस करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरीद बिक्री सम्झौता (पिपिए) गरेको थियो।

राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रीडमा जोड्न कालीगण्डकी करिडर अन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा जोड्न लुप इन लुप आउट (लिलो)को चार टावर तयार भएको छ।

## १२८२ जनामा सङ्क्रमण पुष्टि

काठमाडौं, ११ असोज/रासस

देशभर पछिल्लो २४ घण्टामा थप एक हजार २८२ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय १५ हजार ४८८ जनाको परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या सात लाख ९२ हजार ३६७ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९० हजार ८५४ रहेको छ। पछिल्लो समय थप एक हजार २६२ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या सात लाख ६२ हजार ४१६ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९६ दशमलव २ प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ।

# रोहिणीको हत्या सुनियोजित –रौतहट प्रहरी

राकेश यादव, रौतहट, ११ असोज/

रौतहटको चन्द्रपुर नगरपालिका–३ गैंडाटारस्थित कालापानी सामुदायिक वनमा रोहिणीप्रसाद घोरासैनीको झुन्डिएर मृत्यु भएको भनिएको घटना सुनियोजित रहेको प्रहरी अनुसन्धानले देखाएको छ।



पत्रकार सम्मेलनमा अभियुक्तहरू। तस्वीरः प्रतीक

गत भदौ २६ गते रोहिणी सामुदायिक वनमा झुन्डिएको अवस्थामा फेला परेको घटनालाई दुई सातापछि नै प्रहरीले हत्या भएको रहस्योद्घाटन गर्न सफल भएको हो।

सोमवार इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा पत्रकार सम्मेलन गरी हत्या गर्ने अभियुक्तहरू सार्वजनिक गर्दै प्रहरीले तीन लाख रुपैयाँ दिएर सुनियोजितरूपमा रोहिणीको हत्या गरिएको दाबी गरेको छ।

व्यक्तिगत इबीका कारण पैसा तिरेर हत्या गराएको आरोपमा प्रहरीले हाल चन्द्रपुर नपा–४ कप्तान टोल बस्ने सहदेव भन्ने डोलप्रसाद बोलखेबाहेक गैंडाटारका वर्ष ४५ का प्रह्लाद फुयाँल, हाल पर्सा जिल्लाको पर्सागढी नपा–३ सिर्जना टोल बस्ने वर्ष २४ का रमेश पहारी र जिल्ला नवलपरासी (पूर्वी) कावासोती नपा–८ बस्ने वर्ष २३ का सूर्यबहादुर भण्डारीलाई पक्राउ गरेको छ। घटनाका मुख्य योजनाकार सहदेव भनिने डोलप्रसाद बोलखे फरार रहेको र अन्य सबैलाई पक्राउ गरिएको प्रहरीले बतायो।

प्रहरीले हत्या सम्बन्धमा मृतक रोहिणीप्रसाद घोरासैनीका बुबा भीमदत्त घोरासैनी धामीझाँक्रीको काम गर्दै आएकाले इबीले हत्या भएको बतायो। सोही गाउँका अभियुक्त सहदेव भन्ने डोलप्रसाद बोलखेको घरपरिवारका सदस्यहरू बिरामी हुने गरेकाले उनले मृतकका बुबालाई नै आरोप लगाइ निजले नै बिरामी पारिदिने गरेको इबी लिइराखेका थिए र २०६३/६४ सालमा मृतकका बुबालाई आक्रमण गरी घाइतेसमेत बनाएका थिए। त्यसपछि सहदेव बसाइँ सरेर गए तर उनले पुरानो इबीलाई भने पालि नै राखेका थिए।

सोही इबी साँध्नको लागि टोलका अर्का अभियुक्त प्रह्लाद फुयाँललाई तीन महीनाअगाडि तीन लाख रुपैयाँ दिएर मृतक रोहिणीप्रसाद घोरासैनीलाई मार्नका लागि हत्या योजना बनाएको प्रहरी दाबी छ। हत्या योजना बनाएर चारजना मिलेर हत्या गरी रूखमा झुन्डयाएर आत्महत्या देखाउने प्रयास गरेर उम्कने रणनीति बनाएको प्रहरीको अनुसन्धानबाट देखिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। प्रहरीले घटनाको अनुसन्धान गर्न कुकुरसमेत प्रयोग गरेर हत्यारा पक्राउ गर्न सफल भएको दाबी गरेको छ।

# स्वास्थ्य सेवा प्रभावकारी बनाउनुपर्छ –नगरप्रमुख सरावगी

प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले महानगरवासीलाई स्वास्थ्य सेवा प्रभावकारीरूपमा प्रवाह हुनुपर्ने बताएका छन्। युनिसेफ नेपाल र काठमाडौं मेडिकल कलेजको आयोजनामा वीरगंज महानगरपालिकाको सहकार्यमा हिजो आइतवारदेखि शुरू भएको दुई दिने प्राथमिक स्वास्थ्य केन्द्रसम्बन्धी दुई दिने कार्यशाला गोष्ठीको समापन कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख सरावगीले मानव स्वास्थ्यको विकास नभई अन्य विकासको कुनै औचित्य नहुने बताए।

उनले स्वास्थ्य, शिक्षा र मानवता महानगरपालिकाको प्राथमिकतामा रहेकाले स्वास्थ्य सेवा प्रवाहमा कुनै कमी हुन नदिने दाबी पनि गरे। नगरप्रमुख सरावगीले नागरिकले स्थानीय सरकार आएपछि घरदैंलोमा नै प्रभावकारी स्वास्थ्य सेवाको अपेक्षा गरेकाले सोही अनुसार स्वास्थ्य सेवा प्रवाह गर्न कर्मचारीहरूलाई निर्देशन दिए। उनले



मन्तव्य व्यक्त गर्दै नगरप्रमुख सरावगी। तस्वीरः सौजन्य

तालीम र प्रशिक्षणले कर्मचारीहरूलाई दक्ष बनाउने र सेवा प्रवाहमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा वीरगंज महानगरपालिकाकी उपप्रमुख शान्ति कार्की, स्वास्थ्य तथा सामाजिक महाशाखा प्रमुख अरुण महतो, स्वास्थ्य संयोजक रितेश जयसवाल, युनिसेफका प्रतिनिधिलगायतको सहभागिता थियो।






# खेलकूदको संसार

## स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबल तेस्रो दिनको खेलमा वीरगंज युनाइटेड विजयी

माधव तिमिल्सिना, ठोरी, ११ असोज/

ठोरी गाउँपालिका–४ विजयबस्तीमा जारी समाजसेवी स्व रामबहादुर श्रेष्ठ दोस्रो गोल्डकप फूटबलको तेस्रो दिनको खेलमा हिमाल युवा क्लब, निजगढलाई १–३ गोलअन्तरले पराजित गर्दै वीरगंज युनाइटेड क्लब विजयी भएको छ।



सोमवारको खेलमा वीरगंज युनाइटेडका कृपाकान्त चौधरीले दुई गोल गरे भने विवेक चौधरीले एक गोल गरेका थिए। कृपाकान्त चौधरीले मध्यान्तरअघि एक र मध्यान्तरपछि एक गोल गरे भने विवेकले मध्यान्तरपछि एक गोल गरेका थिए।

तीन गोलअन्तरले पछाडि परेको निजगढको तर्फबाट खेल सकिन केही मिनेट मात्र बाँकी रहँदा विमल घिसिङले एक गोल गरेका थिए। आजको खेलमा दुई गोल गरेका वीरगंजका कृपाकान्त चौधरी म्यान अफ दि म्याच घोषित भए।

भोलि भक्तपुर एफसी, भक्तपुर र वनशक्ति युवा क्लब, ठोरी–२ बीच हुने आयोजकले जनाएको छ।

## इपिएल : काठमाडौं र विराटनगरको खेल स्थगित

काठमाडौं, ११ असोज/रासस

राजधानीमा जारी चौंथो संस्करण एभरेष्ट प्रिमियर लिग (इपिएल) अन्तर्गत आज हुने भनिएको काठमाडौं किंग्स इलेभेन र विराटनगर वारियर्सबीचको खेल मैदान भिजेका कारण स्थगन भएको छ।

निर्धारित समयभन्दा दुई घण्टासम्म पनि खेल शुरू हुन नसकेपछि अम्पायरले खेल स्थगन गरेको हो। आइतवार भएको भारी वर्षाका कारण आउटफिल्ड भिजेकोले काठमाडौं र विराटनगरबीचको खेल टससमेत नभई स्थगन भएको हो।

सन्दीप लामिछानेको कप्तानीमा रहेको काठमाडौं लगातार दोस्रो जितको योजनामा थियो। काठमाडौंले पहिलो खेलमा साबिक विजेता ललितपुर प्याट्रियट्सलाई पराजित गरेको थियो। यो खेल काठमाडौंका शाहिद अफ्रिदीको अन्तिम रहेको थियो। उनी दुई खेलका लागि काठमाडौं आएका थिए। त्यस्तै करण केसीको कप्तानीमा रहेको विराटनगर भने पहिलो जितको योजनामा थियो। पहिलो खेलमा विराटनगर चितवन टाइगर्ससँग पराजित भएको थियो।

## भलिबल : हेल्प नेपालको जित

काठमाडौं, ११ असोज/रासस

राजधानीमा जारी छैटौं संस्करणको एनभिए महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फ हेल्प नेपाल स्पोर्ट्स क्लबले विजय हासिल गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप) को कभर्ड हलमा आज भएको पहिलो खेलमा हेल्प नेपालले वाग्मती प्रदेशलाई ३–० को सेटमा पराजित गर्दै विजय हासिल गरेको हो। हेल्प नेपालले पहिलो सेट २५–१६, दोस्रो सेट २५–१३ र तेस्रो तथा अन्तिम सेटमा २५–१२ को जित निकाल्यो।

यस जितसँगै समूह 'ए' मा रहेको हेल्प नेपालले दुई अङ्क बटुलेको छ। यता वाग्मतीको भने यो लगातार दोस्रो हार हो। पहिलो खेलमा वाग्मती गल्कोट स्पोर्ट्स क्लबसँग पराजित भएको थियो। नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगितामा पुरुषतर्फ १४ र महिलातर्फ छ टोलीको सहभागिता रहेको छ।

# सुक्खा बन्दरगाह भन्सारमा दुई महीनामा लक्ष्यभन्दा बढी असुली




प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिका–२५ श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालू आर्थिक वर्ष २०७८/७९ को दुई महीनामा रु ८ अर्ब ५५ करोड ८१ लाख राजस्व सङ्कलन गरेको छ।

साउन र भदौ महीनामा रु ७ अर्ब ७ करोड ५३ लाख ५६ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको सो कार्यालयले लक्ष्यभन्दा २०.९६ प्रतिशत बढी राजस्व सङ्कलन गरेको भन्सार कार्यालयका सूचना अधिकारी चूडामणि शर्मा कट्टेलले जानकारी गराए।

लामो समयसम्मको कोरोना कहर कम भएपछि छिमेकी भारतसहित तेस्रो मुलुकबाट आयातमा उल्लेख्य वृद्धि हुँदा राजस्व पनि बढेको उनले बताए। भन्सार महसूल पैठारीतर्फ रु ३ अर्ब ९० करोड ८२ लाख ९६ हजार र मूल्य अभिवृद्धि करतर्फ रु ३ अर्ब ९८ करोड ७६ लाख ८५ हजार राजस्व सङ्कलन भएको छ।

पछिल्लो समय सवारीसाधनको आयात, गेंडागुडी जस्ता मालवस्तु, गार्मेन्टका सामान, मदिरा, ट्रेडिङका सामान, औद्योगिक कच्चा पदार्थ, फलामजन्य कच्चा पदार्थ जस्ता सामानको आयात बढेपछि राजस्वमा सकारात्मक वृद्धि भएको उनले बताए।


## ज्येष्ठ नागरिकहरूलाई जरूरी सूचना

प्रोटेस्ट फाउन्डेशन नेपालका वरिष्ठ युरोलोजिस्ट **डा. दीपक रौनियार**द्वारा निश्शुल्क परामर्श तथा जाँच हुने हुँदा ज्येष्ठ नागरिकहरूले नाम दर्ता गराउन अनुरोध छ।

**परीक्षण गरिने रोग** : १. किडनीको पत्थरी, २. पिसाबको समस्या तथा प्रोस्टेट, ३. **Gland** का बिरामी तथा अन्य सम्बद्ध रोगको निश्शुल्क भिडियो एक्सरेद्वारा जाँच।

**निश्शुल्क जाँच हुने कार्यक्रम**

**मिति : २०७८ असोज १५ र १६ गते**

**समय : बिहान १० देखि ४ बजेसम्म**

**स्थान : श्री भवानी हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि**

**नाम दर्ता गराउन सम्पर्क फोन नं. ०५१–(५२०२००, ५२०२८४, ५२०२८३, ५२२१८३)**

**ज्येष्ठ नागरिक सङ्घ, पर्सा**



## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य–मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र।

नेपाल सरकार
विज्ञापन बोर्ड